

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४ ★ ने. सं. ११४६ शिल्ला गा, चतुर्दशी ★ सोमबार ★ ४ फागुन, २०८२ ★ February 16, 2026, Monday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## नेपाल मजदुर किसान पार्टीको प्रतिनिधिसभा निर्वाचन २०८२ को घोषणापत्र सार्वजनिक

# नेमकिपाले देश र जनताको हितमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्ने




काठमाडौँ, ३ फागुन । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले पार्टीको घोषणापत्र एक विशेष समारोहबिच शङ्खमूल काठमाडौँमा आइतबार सार्वजनिकीकरण गर्नुभयो ।

'देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियानलाई अगाडि बढाऔँ' भन्ने उद्घोषका साथ प्रतिनिधिसभा निर्वाचन घोषणापत्र २०८२ सार्वजनिकीकरण गरिएको थियो ।

निर्वाचन जनतालाई राजनीतिक र सैद्धान्तिकरूपले सचेत र सङ्गठित गर्ने एक भरपर्दो अवसर भएको उल्लेख गर्दै अध्यक्ष रोहितले नेमकिपा देश र जनताको हितमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्छ भन्नुभयो ।

संसद्ले विधेयक पारित गरी ऐन-कानुन र नीति निर्माण गर्ने उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, "पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागू गर्छ ।"

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री हुने व्यवस्था पनि होइन भन्दै उहाँले दलको घोषणापत्र अध्ययन नगरी आँखा चिम्लेर अन्ध समर्थन गरेर मतदान गरेमा जनताले थप दु:ख पाउने विचार व्यक्त गर्नुभयो ।

घोषणापत्र या प्रतिबद्धता लागू नगर्ने दललाई मतदान गर्न नहुने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "जनताको अमूल्य मत पद र पैसामा नभुली देश र जनताको इमानदारी र नि:स्वार्थपूर्वक सेवा गर्दै आएको पार्टीलाई दिनुपर्छ ।"

प्रजातन्त्रमा कुनै पनि दलको आलोचना गर्न पाउने विचार व्यक्त गर्दै उहाँले हरेक सचेत राजनीतिक नेता तथा कार्यकर्ताले समाजवाद र कम्युनिस्ट विचारबारे जनतामाझ पुऱ्याएर सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

नेमकिपाले देश र जनताको दीर्घकालीन हितमा सदन र सडकमा सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "पटक-पटक सरकारको नेतृत्व गरेका दलका प्रधानमन्त्रीहरूले बहुमत जनताको पक्षमा के गरे ? बहुमत प्राप्त सरकारको नाउँमा सरकारले जे पनि गर्न पाउँदैन । निर्वाचनमा पैसा खर्च गरेर जितेका दलका नेताहरूले पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउनेबाहेक देश र जनताको सेवा गरेनन् ।"

कार्यक्रममा विभिन्न सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफमा अध्यक्ष रोहितले सत्तासीन दलका नेताहरूले देश र जनताको सेवा नगरेकै कारण जनता आजित भएको उल्लेख गर्दै भन्नुभयो, "सरकारहरूले क्रान्तिकारी भूमिसुधार ल्याएनन् । व्यक्तित्व विकासमा समान अवसर प्रदान गरेनन् । योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गरेनन् ।"

राजधानी काठमाडौँलाई सांस्कृतिक नगरको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देशको सन्तुलित विकास गर्नुपर्छ भन्नुभयो ।

निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष रोहितले आ-आफ्नै जिल्लामा बसेर असल काम गरे जनताकै हित हुन्छ भन्नुभयो ।

जेनजी आन्दोलन थालेको भ्रष्टाचारविरोधी आन्दोलन सही भए पनि

*बाँकी पृष्ठ ८ मा*

# ख्वप कलेज अफ इन्जिनियरिङमा ६५ लाख ८८ हजार रुपैयाँ छात्रवृत्ति वितरण




भक्तपुर, ३ फागुन । ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरूलाई आइतबार विद्यार्थी छात्रवृत्ति वितरण कार्यक्रम एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०८२ सालमा भर्ना भएका प्रवेश परीक्षा उत्कृष्ट विद्यार्थी र अध्ययनरत विद्यार्थीलाई गरिब तथा जेहेनदार विद्यार्थी छात्रवृत्ति गरी ४४ जना विद्यार्थीलाई रु. ६५ लाख ८८ हजार बराबरको छात्रवृत्ति प्रदान गर्नुभयो । नगरपालिकाले शिक्षा क्षेत्रमा लगानी गर्नुको एउटै स्वार्थ भनेको देश र जनताको सेवा गर्नु रहेको प्रजापतिले बताउनुभयो ।

शिक्षा र स्वास्थ्यको क्षेत्रमा भक्तपुरले गरेको परिवर्तन अन्य पालिका तथा जनताको लागि प्रेरणाको स्रोत बन्दै गरेको बताउँदै उहाँले अन्य विश्वविद्यालयमा विद्यार्थी तथा भौतिक पूर्वाधारको अभाव हुँदा ख्वपमा विश्वविद्यालयको लागि आवश्यक सम्पूर्ण पूर्वाधार भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "हामीले विभिन्न आरोह अवरोहबिच २०५६ सालमा ख्वप उच्च मावि स्थापना र सञ्चालन गर्दै हाल भक्तपुर नगरपालिकाअन्तर्गत ७ वटा कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

उहाँले पुँजीवादमा पैसाको लागि जे पनि गर्ने नाफामुखी हुने तर समाजवादीमा जनताको जीवनस्तर उकास्न राज्यबाटै सम्पूर्ण बन्दोबस्त गर्ने बताउनुभयो । समाजवादी बन्दोबस्त भएको देशमा राज्यको दायित्वमा हुने भएकोले अनिवार्य र नि:शुल्क शिक्षा समान रूपमा पाउन सक्ने उहाँले बताउनुभयो ।


जनताले देशलाई भ्रष्टाचारमा लिप्त बनाउने, एमसीसी पास गर्ने, देशको भौतिक पूर्वाधार खरानी पार्ने तत्त्वहरूलाई राम्ररी चिन्नुपर्ने उल्लेख गर्दै राजनीति दर्शन, सिद्धान्त, विचारमा आधारित हुनुपर्ने, चुनाव घोषणापत्रको आधारमा हुनुपर्ने र देशप्रति चिन्तनशील उम्मेदवारहरू छान्ने जिम्मेवारी जनताको भएको बताउनुभयो ।

कलेजले प्रदान गर्ने पुरस्कार, छात्रवृत्तिलगायत प्रोत्साहन र ऊर्जाको लागि हो, यसले विद्यार्थीलाई अझ परिश्रमी र मेहनती बनाउनेमा आफू आशावादी रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले विद्यार्थीले पाएको छात्रवृत्ति भाग्यले नभई मिहिनत र लगनशीलताले पाएको हुँदा छात्रवृत्तिको सही सदुपयोग हुनुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिकाले

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो




# कैलाली लम्कीचुहा बचैलामा भेटघाट कार्यक्रम

कैलाली, ३ फागुन । नेपाल मजदुर किसान पार्टीका जिल्ला समिति कैलालीको आयोजनामा लम्कीचुहा नपा वडा नं ८ बचैलामा भेटघाट कार्यक्रममा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाले राजनीतिलाई जनताको नि:स्वार्थ सेवाको रूपमा लिएको बताउनुभयो । कामदार जनताले राजनीतिलाई नबुझेको कारण पुँजीवादी व्यवस्था टिकेको बताउँदै अब यो व्यवस्था पल्टाएर किसान र मजदुरको व्यवस्था समाजवाद ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले समाजवादी व्यवस्थामा उद्योग कलकारखानाहरू सरकारले बनाई



रोजगारीको व्यवस्था गर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले राजनीति भनेको सबै नीतिको प्रमुख नीति हो भन्नुभयो । उहाँले यो निर्वाचनबाट निर्वाचित भएर जाने प्रतिनिधिले नियम र कानुन बनाउने स्पष्ट पार्नुभयो । उत्पादन श्रमसँग जोडिएको नि:शुल्क अनिवार्य र वैज्ञानिक शिक्षा नीति बनाए मात्रै कामदार जनताका छोराछोरीको हित हुने उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव एवं कैलाली क्षेत्र नं २ का उम्मेदवार लक्ष्मी पुनमगरले नेपाल मजदुर किसान पार्टी गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको लागि सडक र सदनमा सङ्घर्ष गर्ने पार्टी हो भन्नुभयो ।

उहाँले व्यक्तित्व विकासमा समान अवसर भए मात्रै कामदार जनताका छोराछोरीको हित हुन्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घ कैलाली अध्यक्ष प्रेमबहादुर सिंजापतिले पनि बोल्नुभएको थियो ।

# गोल्डेन गेटमा पाँचौँ पीबीएल मेला सम्पन्न




भक्तपुर, ३ फागुन । गोल्डेन गेट इङ्गलिश सेकेन्डरी स्कूलले पाँचौं गोल्डेन गेट पीबीएल मेला २०८२ भव्यताका साथ सम्पन्न गरेको छ । मेलाको औपचारिक समुद्घाटन गर्दै प्रमुख अतिथि एवं भक्तपुर नगरपालिका वडा नं. ६ का वडाध्यक्ष डा. हरिराम सुवालले गोल्डेन गेटले अभ्यास गर्दै आएको प्रोजेक्ट-बेस्ड लर्निङ अर्थात् पीबीएलले शिक्षण विधिको रूपान्तरण गरेको बताउँदै सानै (कक्षा १) देखि नै बालबालिकाहरूमा उच्च आत्मविश्वास जगाएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिका ख्वपलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गराउने उद्देश्यमा दत्तचित्त भई लागिरहेको हुँदा उच्च शिक्षाअन्तर्गत प्राविधिक विषयको क्षेत्रमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल रहेको जानकारी दिनुभयो ।

विशेष अतिथि, बृहत् राष्ट्रिय शिक्षा अभियानका संयोजक तथा शिक्षा मन्त्रालयका विज्ञ सल्लाहकार अभिषेक घिमिरेले गोल्डेन गेटको मल्टिपल इन्टेलिजेन्सेजमा आधारित पीबीएल अभ्यास शिक्षाको आम बुझाइभन्दा माथि रहेर प्रिन्सिपल सिङ्ग लामाको लामो अध्ययन र खोजको उपजको रूपमा प्रतिपादन भएको बताउँदै पीबीएलमार्फतको सिकाइले बच्चाहरूको क्षमताको भरपुर स्थान दिएको बताउनुभयो ।

उहाँले पाठ्यक्रमलाई प्रत्यक्ष रूपमा वास्तविक जीवन र समाजसँग जोडेर भएको अनुभवजन्य सिकाइ उन्नत रहेको र विद्यार्थीहरूको यस्तो गहिरो सिकाइ अनुभवलाई पीबीएल मेलामार्फत सार्वजनिक प्रस्तुतिको अवसर प्रदान गर्नु सराहनीय भएको बताउनुभयो ।

वरिष्ठ सङ्गीतकार, गायक तथा शिक्षा मन्त्रालयका विज्ञ सल्लाहकार प्रदीप बमजनले करीब १५ वर्षअघि आफूले सञ्चालन गरेको टेलिभिजन कार्यक्रम 'भोलिको नेपाल' मा गोल्डेन गेटसँग भएको लामो सहकार्य स्मरण गर्दै विद्यार्थीहरूको व्यक्तित्व विकास र व्यावहारिक शिक्षा दिने गोल्डेन गेटको अनुसन्धानात्मक पीबीएल अभ्यास उदाहरणीय भएको बताउनुभयो ।

भनपा वडा नं. ६ का महिला जनप्रतिनिधि रोशनमैँया सुवालले व्यावहारिक शिक्षाबिनाको पाठ्यक्रमले नयाँ पुस्ताका बालबच्चाहरूमा निराशा पैदा हुने बताउँदै चीन र रुसको शिक्षा प्रणाली अब्बल रहेको बताउनुभयो ।

युलाइक जब्सका सीईओ तथा शैक्षिक संवाद पोडकास्ट कार्यक्रमका सञ्चालक प्रकाश गौतमले गोल्डेन गेटको खोज र प्रयोग अत्यन्त प्रभावकारी र उदाहरणीय पाएको बताउनुभयो ।

कार्यक्रममा प्रिन्सिपल सिङ्ग लामाले सिकाइको ध्येय बदली शिक्षालाई जीवनसँग जोड्ने अभ्यासका क्रममा सन् २००६ मा यातनामुक्त शिक्षण वातावरणको अवधारणा विकास गरी लागू गरिएको, सन २००९ देखि हवार्ड गार्नरको बहुबुद्धिमत्ता सिद्धान्त र सन् २०११ देखि जोन डीवीको पीबीएल अभ्यास सुरु गरिएको, सन् २०१४ देखि बहुबुद्धिमत्ता सिद्धान्त र पीबीएललाई संश्लेषण गरी एमआई पीबीएलको रूपमा प्रतिपादन गरी लागू गरिएको, २०१९ देखि वार्षिक रूपमा पीबीएल मेला आयोजना गर्दै देशभरिका १०० भन्दा बढी विद्यालयहरूमा पीबीएल नेटवर्क विस्तार गरी यस वर्ष पाँचौं पीबीएल मेला आयोजना गरिएको बताउनुभयो ।

अभिभावकहरूको उत्साहजनक सहभागिता रहेको मेलामा विद्यालयको कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरूले एमआई पीबीएल पद्धतिअन्तर्गत शैक्षिक सत्र २०८२ मा नियमित सिकाइ निर्माण गर्ने क्रममा अभ्यास गरेका १०९ वटा चुनिएका पीबीएल प्रोजेक्टहरूको साथमा विद्यार्थीहरूलाई पाठकबाट सर्जकमा रूपान्तरण गर्ने अभिप्रायले सञ्चालित बृहत् पठन र निरन्तर सिर्जना कार्यक्रमअन्तर्गत सिर्जना गरी नियमित 'मकै घर' कार्यक्रममा प्रस्तुत गरिएका १५७० वटा अङ्ग्रेजी र १४४१ वटा नेपालीमा लेखिएका रचनाहरू प्रस्तुतिमा राखिएका थिए ।

एमआई पीबीएलसम्बन्धी महत्त्वपूर्ण जानकारीका साथमा १० वटा 'स्पटलाइट प्रोजेक्टहरू' समेटिएको विशेष कार्यक्रम पुस्तिकासमेत प्रकाशित गरिएको थियो । सो अवसरमा आर्टक्लवअन्तर्गत विद्यार्थीहरूले तयार गरेका चित्रहरूको प्रदर्शनी पनि गरिएको थियो । सांस्कृतिक सङ्ग्रहालयमा विभिन्न पेसा, संस्कार संस्कृति, इतिहास, आदिसँग सम्बन्धित सङ्ग्रहित सामग्रीहरू राखिएका छन् । विद्यालयका संस्थापक निर्देशक अञ्जु जोशीको सभापतित्वमा आयोजित उक्त कार्यक्रमका सीईओ शिव श्रेष्ठले कार्यक्रमको महत्त्वबारे प्रकाश पार्नुभएको थियो । स्वागत मन्तव्य सेकेन्डरी लेभल इन्चार्ज श्रीषा सितिखूले राख्नुभएको थियो ।

# धन्यवाद ज्ञापन, जिम्मेवारीपत्र हस्तान्तरण तथा पदस्थापना कार्यक्रम सम्पन्न

भक्तपुर, ३ फागुन । ख्वप कलेज अफ इन्जिनियरिङको लेखा शाखा र जिन्सी शाखामा शाखा प्रमुखको जिम्मेवारी पाउनुभएका कर्मचारीहरूको जिम्मेवारीपत्र हस्तान्तरण तथा पदस्थापना कार्यक्रम र कलेजको जिम्मेवारी लिएर कार्य गर्नुभएका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम एक समारोहबिच आइतबार सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नयाँ जिम्मेवारी पाउनुभएका सबैलाई बधाई दिँदै मितव्ययिता, इमानदारिता, पारदर्शिता र अनुशासन नै भक्तपुर विकासको आधार भएकोले सबैलाई इमानदारीपूर्वक कार्य गर्न सुझाव दिनुभयो ।

नियमित रूपमा काम गर्दै जाँदा कहिलेकाहीँ गल्ती हुनसक्छ तर मनसाय गलत हुनुभएन, प्रमुख प्रजापतिले भन्नुभयो ।

लामो समय जनताको हितको लागि सङ्घर्ष गरेका र लामो समय जेल जीवन बिताएका नेताहरू सरकारमा गएपछि विभिन्न भ्रष्टाचार काण्ड, सुन काण्डलगायतका काण्डमा फस्नुले मौका नपाएसम्म इमानदार बन्ने भन्ने भनाइलाई चरितार्थ गरेको उहाँले बताउनुभयो ।

सबै कर्मचारीले आफूमा भएको दक्षता योग्यता र क्षमताको प्रयोग गर्नुपर्ने, सम्बन्धित विषयमा तालिम लिनुपर्ने र कामलाई पैसासँग तुलना गर्न नहुनेतर्फ सचेत गराउँदै प्रमुख प्रजापतिले भन्नुभयो, "संस्था विकासको लागि धैर्य चाहिन्छ, सरसल्लाह गर्ने बानी हुनुपर्छ र नियम कानुनलाई पालना गरी कार्य गर्नुपर्छ ।"

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले कलेजको स्थापना कालदेखि अनवरतरूपमा इमानदारीपूर्वक गरिएको सेवाको प्रशंसा गर्दै आगामी दिनमा पनि नि:स्वार्थ सेवा गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

सबैको साथ र सहयोगमा कलेजले विभिन्न विषयका अन्तर्राष्ट्रिय सम्मेलनहरूलाई निरन्तरता दिन सक्नुमा सबैको नि:स्वार्थ भावना भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले जग बलियो भएमा घर बलियो हुने बताउँदै बलियो जग बसाल्न गाह्रो हुने र बाहिर जग पनि नदेखिने बताउनुभयो ।

कलेज विकासको लागि स्थापना कालदेखि नि:स्वार्थ रूपमा सेवा गर्दै आएकै कारण कलेज अहिलेको स्थितिसम्म पुगेको उहाँले बताउनुभयो ।

विभिन्न बाध्यात्मक व्यवस्थाका कारणले गर्दा जिम्मेवारीमा फेरबदल गर्नुपरेको उल्लेख गर्दै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास गर्ने उद्देश्यमा सधैँ एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँ, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य ई. रत्नशोभा प्रजापति, कर्मचारीहरू काजीबहादुर पञ्च, राजन जती र सन्जय मानन्धरले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा लेखा शाखा प्रमुखको जिम्मेवारी पाएका विष्णुप्रसाद सुवाल र जिन्सी शाखाको जिम्मेवारी पाएका पुण्यराम स्वंगमिखाले आफूलाई दिइएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले स्थापनाकालदेखि २०८२ माघमसान्तसम्म अनवरत सेवा गरेका काजीबहादुर पञ्च, राजन जती र सिद्धिराम सुवाललाई धन्यवाद पत्र र नयाँ जिम्मेवारी पाएका कर्मचारीहरूलाई जिम्मेवारीपत्र हस्तान्तरण गर्नुभयो ।

# जय भीमसेन साकोसको अर्धवार्षिक समीक्षा कार्यक्रम




भक्तपुर, ३ फागुन । जय भीमसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा कार्यक्रम आइतबार सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष दशबहादुर मानन्धरको सभापतित्वमा सम्पन्न भएको समीक्षा कार्यक्रममा उहाँले संस्थाको वित्तीय स्थिति सन्तोषजनक रूपमा लैजान हरदम प्रयासमा रहेको जानकारी दिँदै संस्थाले बाँकी ६ महिनाको अवधिमा भाखा नाघेको ऋण असुलीलाई प्राथमिकता दिने र सदस्यकेन्द्रित विभिन्न तालिम तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गर्ने विचार व्यक्त गर्नुभयो ।

सहकारीका सचिव सुरोज कवांले संस्थाको ६ महिनाको क्रियाकलापको विवरण प्रस्तुत गर्नुभयो । सहकारीका कोषाध्यक्ष बिकुनारायण कवांले पेस गर्नुभएको आर्थिक प्रतिवेदनमाथि टिप्पणी व्यक्त गर्दै लेखा सुपरिवेक्षण समितिका संयोजक बुद्धराम शिल्पकारले देशको विषम आर्थिक परिस्थितिले गर्दा थप चनाखो भई कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका निवर्तमान अध्यक्ष रामकाजी शिलाकारले अन्य सहकारीहरूको उस्तै अवस्था रहेकोले सबै मिली मेहनत गर्न सके ब्याज तथा सावाँ उठ्न गाह्रो नपर्ने बताउनुभयो ।

संस्थाका संस्थापक अध्यक्ष गणेशभक्त खिचाजुले नाफा नोक्सान मुख्य विषय नभई सहकारीका सदस्यहरूको सद्भाव र आपसी सहयोगको भावना मुख्य रहने भएकोले सोका लागि पारम्परिक सीपमूलक तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका कानुनी सल्लाहकार एवं अधिवक्ता रामप्रसाद प्रजापतिले सहकारीको दिगोपनका लागि एक अर्काप्रतिको विश्वास महत्त्वपूर्ण रहने र सङ्गठनको क्षमताअनुसार मात्र लगानी गर्नुपर्नेमा जोड दिनुभयो ।

# दुवाकोटमा मजदुर भेला सम्पन्न



भक्तपुर, ३ फागुन । नेपाल मजदुर किसान पार्टी, रामेछाप जिल्ला निर्वाचन परिचालन समितिले आइतबार दुवाकोटमा मजदुर भेलाको आयोजना गरेको छ ।

रामेछापलगायत विभिन्न जिल्लाबाट भक्तपुर आएर विभिन्न उद्योगमा कार्यकर्ता मजदुरहरूको भेलामा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपाले मजदुरहरूलाई पढ्न, लेख्न सिकाएको बताउनुभयो ।

किसानहरूलाई रात्रि तथा प्रौढ कक्षा सञ्चालन गरेर भक्तपुरमा नेमकिपाले परिवर्तनको बीउ रोपेको भन्दै उहाँले अरु जिल्लाको निम्ति पनि भक्तपुरको अनुभव उपयुक्त हुने तर्क गर्नुभयो ।

कार्यक्रममा नेमकिपा, भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले देशको सार्वभौमिकता खतरामा रहेको भन्दै आजसम्म सरकारमा गएका पार्टीहरूले इमानदारीपूर्वक काम नगरेकै कारण लाखौँ युवा बिदेसिएको भनाइ राख्नुभयो ।

नेमकिपा, रामेछाप काठमाडौँ सम्पर्क समितिका अध्यक्ष धनबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा आगामी प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपाको तर्फबाट रामेछाप जिल्लाका प्रत्येक्ष उम्मेदवार केशरी श्रेष्ठ र दोलखाका प्रत्येक्ष उम्मेदवार विमला श्रेष्ठ, विद्यार्थी श्रीराम श्रेष्ठले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा कलाकार विनोद विकले गीत प्रस्तुत गर्नुभएको थियो ।

# भारतका नौ प्राध्यापकलाई 'नइ प्रज्ञा पुरस्कार'

काठमाडौँ, ३ फागुन । नइ एकेडेमीले नेपाली भाषा साहित्यको पठनपाठन तथा अनुसन्धानका साथै 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' को उचाइ अभिवृद्धिमा विशिष्ट योगदानका लागि भारतका नौ जना प्राध्यापकलाई 'नइ प्रज्ञा पुरस्कार' समर्पण गर्ने निर्णय गरेकऱो छ ।

यी पुरस्कारका राशि जनही पचास पचास हजार रूपैयाँ रहेका छन् ।

प्रा.डा. कविता लामा, प्रा.डा. कृष्णराज घतानी, डा. टेकबहादुर छेत्री, प्रा.डा. दिवाकर प्रधान, डा. दैवकीदेवी तिम्सिना, प्रा.डा. पुष्प शर्मा, डा. राजकुमार क्षेत्री र प्रा.डा. सञ्जय राई तथा डा. अरुणा राई (संयुक्त) लाई 'नइ प्रज्ञा पुरस्कार' बाट विभूषित गरिने भएको छ । नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

नइ एकेडेमीले २०८२ चैत २७,२८ र २९ ( अप्रिल १०,११ र १२) मा सम्पन्न हुने 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' का अवसरमा 'नइ प्रज्ञा पुरस्कार' समर्पण गर्ने भएको छ ।

## सङ्क्षिप्त समाचार

# मतदाता शिक्षाका लागि जुम्लामा स्वयंसेवक परिचालित

जुम्ला, ३ फागुन । जिल्ला निर्वाचन कार्यालय जुम्लाले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि स्वयंसेवक परिचालनको तयारी गरेको छ । जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलका अनुसार जिल्लाका आठ स्थानीय तहका ६० वटै वडामा एक जनाका दरले मतदाता शिक्षा स्वयंसेवक यही फागुन ३ देखि १७ गतेसम्म कार्यक्षेत्रमा खटिने छन् ।

मतदाता शिक्षा स्वयंसेवकले विशेषगरी निर्वाचन प्रक्रियामा बढीभन्दा बढी मतदाता सहभागी गराउने, मतदान गर्दा ध्यान दिनुपर्ने विधि, प्रक्रियाका बारेमा सिकाउने, बदर हुनसक्ने मत न्यूनीकरण गर्ने, निर्वाचन आचारसंहिताका बारेमा जानकारी गराउने र समग्रमा निर्वाचनलाई उत्सवका रूपमा मनाउने विषयमा मतदातालाई सुसूचित गराउने निर्वाचन आयोगले स्पष्ट गरेको छ । यसैसन्दर्भमा मतदाता शिक्षा अनुगमनकर्ताका लागि अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन भइसकेको छ ।

बालविकास सहजकर्ता, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालिका, मातृस्वास्थ्य कार्यकर्ता तथा सामुदायिक अध्ययन केन्द्रका परिचालकहरू मतदाता स्वयंसेवकका रूपमा परिचालित हुने व्यवस्था गरिएको छ । जिल्लामा ८५ मतदानस्थल र ११० वटा मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचनका लागि जिल्लामा कुल मतदाता ७१ हजार ७३९ जना रहेका छन् । महिलातर्फ ३४ हजार २८० जना र पुरुषतर्फ ३७ हजार ४५९ जना मतदाता रहेको निर्वाचन कार्यालय जुम्लाले स्पष्ट गरेको छ । ***रासस***

# वीरगञ्ज भन्सारद्वारा सात महिनामा एक खर्ब ३५ अर्ब राजस्व सङ्कलन

वीरगन्ज (पर्सा), ३ फागुन । वीरगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा रु. एक खर्ब ३५ अर्ब ४८ करोड राजस्व सङ्कलन गरेको छ । कार्यालयले चालु आवको सात महिनासम्म रु. एक खर्ब ५३ अर्ब ८४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि सो अवधिसम्म भने लक्ष्यको ८८.०७ प्रतिशत राजस्व सङ्कलन गरेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार चालु आवको सात महिनामा कार्यालयको भन्सार सङ्कलनमा उत्साहजनक भएको छ । कार्यालयले साउनमा रु. १८ अर्ब ४४ करोड, भदौमा रु. २० अर्ब ७३ करोड, असोज महिनामा रु. १९ अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो ।

त्यस्तै, कार्तिकमा रु. १७ अर्ब ३३ करोड र मङ्सिरमा भने रु. २० अर्ब ८० करोड राजस्व सङ्कलन भएको छ । त्यस्तै पुसमा पनि रु. २० अर्ब २० करोड राजस्व सङ्कलन गरेको छ । कार्यालयले माघमा मात्र रु. २१ अर्ब २९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु. १८ अर्ब ९० करोड राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले वीरगन्ज भन्सार कार्यालयलाई वर्षभरिमा रु. दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । ***रासस***

# एम्बुलेन्सको भाडा बढेपछि स्थानीयको विरोध

जुम्ला, ३ फागुन । जुम्लाबाट नेपालगञ्जसम्म जानका लागि एम्बुलेन्सको भाडा रु. २५ हजार तोकिएपछि स्थानीयले विरोध जनाएका छन् । जिल्ला एम्बुलेन्स समितिले आफूखुसी भाडादर निर्धारण गरेको आरोप लगाउँदै स्थानीयले असन्तुष्टि जनाएका हुन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८२ बमोजिम जिल्ला एम्बुलेन्स समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको अध्यक्षतामा पुस २४ गते बसेको बैठकले जुम्ला जिल्लाभित्र सञ्चालन हुने एम्बुलेन्सहरूको भाडादर निर्धारण गरेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख किरणकुमार शर्माले जानकारी दिनुभयो ।

निर्धारित भाडादरबारे जनगुनासो आएको स्वीकार गर्दै कार्यालय प्रमुख शर्माले भन्नुभयो, "आवश्यक परेमा आगामी बैठकबाट पुनरावलोकन गर्न सकिन्छ । चन्दननाथ नगरपालिकाभित्र एम्बुलेन्सको भाडा रु. छ सय, जिल्लाभित्र कच्ची सडकमा प्रतिकिलोमिटर रु. १०० र पक्की सडकमा रु. ९० (दुवैतर्फ) तोकिएको छ ।"

त्यस्तै, जुम्लाका सम्पूर्ण स्थानदेखि सुर्खेतसम्म एम्बुलेन्स भाडा रु. २० हजार र जुम्लाबाट नेपालगञ्जसम्म रु. २५ हजार निर्धारण गरिएको प्रमुख शर्माले बताउनुभयो । जिल्ला एम्बुलेन्स समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी पौडेलले दूरी र स्थानका आधारमा भाडादर निर्धारण गरिएको बताउनुभयो ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित जिल्लाका विभिन्न स्थानीय तहमा फरक-फरक श्रेणीका एम्बुलेन्स सञ्चालनमा रहेकाले भाडामा एकरूपता ल्याउन समिति सक्रिय भएको प्रजिअ पौडेलको भनाइ छ । सिंजा, तिला, हिमा गाउँपालिका तथा चन्दननाथ नगरपालिकाले जिल्ला एम्बुलेन्स समितिले तोकेको भाडादर कार्यान्वयन गर्ने भन्दै सार्वजनिक सूचना जारी गरिसकेका छन् ।

तर, सुर्खेत र नेपालगञ्जसम्मको भाडा अत्यधिक महँगो भएको भन्दै स्थानीय असन्तुष्ट छन् । बिरामीलाई लक्षित सेवा नै यति महँगो हुँदा गरिब तथा विपन्न नागरिकको जीवनसँग खेलबाड भएको स्थानीयको गुनासो छ । जिल्ला एम्बुलेन्स समितिले भने भाडादर दूरी, इन्धन खर्च, मर्मतसम्भार तथा चालक खर्चलाई आधार मानेर निर्धारण गरिएको जनाएको छ । ***रासस***



**सुन्तला बजार पठाउने तयारी गर्दै दोसल्लेका किसान**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका किसान विकास श्रेष्ठको फार्ममा उत्पादन भएको सुन्तला ग्रेडिङ गरेर बजार पठाउने तयारी गरिँदै । १५ रोपनी क्षेत्रफलमा सुन्तला खेती गरेका श्रेष्ठले यस वर्ष रु २० लाखको सुन्तला बिक्री गर्नुभएको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# भोजपुरमा राष्ट्रियस्तरको भलिबल प्रशिक्षण केन्द्र सञ्चालनको तयारी

भोजपुर, ३ फागुन । भोजपुर नगरपालिका-४, दावाँमा अवस्थित कृष्णलक्ष्मी-लक्ष्मी स्पोर्ट्स कम्प्लेक्सलाई भलिबल तथा अन्य इन्डोर्स खेलको लागि प्रशिक्षण केन्द्रका रूपमा विकास गरिने भएको छ । करिब १२ वर्षअघि निर्माण सुरु गरिएको उक्त कम्प्लेक्सलाई राष्ट्रियस्तरको भलिबल प्रशिक्षण केन्द्रका रूपमा अघि बढाउने तयारी गरिएको हो ।

करिब रु. दुई करोडको लागतमा निर्माण गरिएको यस कम्प्लेक्सलाई व्यवस्थित रूपमा सञ्चालन गरी भलिबल प्रशिक्षण केन्द्रका रूपमा विकास गर्ने योजना रहेको नेपाल भलिबल सङ्घका महासचिव रोशन श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार राज्यको ठुलो लगानीमा निर्माण भएको संरचनालाई प्रभावकारी रूपमा उपयोग गर्दै राष्ट्रिय खेल भलिबलको विकासमा टेवा पुऱ्याउने सङ्घको लक्ष्य छ ।

महासचिव श्रेष्ठले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसारको बजेट राज्यबाट समयमै प्राप्त नहुँदा केही संरचनाको निर्माणकार्यमा ढिलाइ भएको उल्लेख गर्नुभयो । उहाँले यसको पूर्णता र दीर्घकालीन सञ्चालनका लागि आवश्यक बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रिय भलिबल सङ्घले यहाँ आवासीय भलिबलसहित अन्य खेलका प्रशिक्षण केन्द्र सञ्चालन गर्ने तयारी गरिरहेको छ । भलिबल नेपालको राष्ट्रिय खेल भएकाले यसको दिगो विकासका लागि विशेष पहल गरेका छौँ । दावाँस्थित कृष्णलक्ष्मी स्पोर्ट्स कम्प्लेक्सलाई खेल प्रशिक्षण केन्द्रका रूपमा विकास गर्ने हाम्रो प्रमुख उद्देश्य हो ।"

आवासीय प्रशिक्षण केन्द्र सञ्चालनका लागि राष्ट्रिय भलिबल सङ्घले एक जना योग्य प्रशिक्षकको व्यवस्था गर्ने जनाएको छ । यस केन्द्रमार्फत स्थानीय तथा प्रदेशस्तरका प्रतिभावान खेलाडीलाई व्यवस्थित प्रशिक्षण प्रदान गरिनेछ, जसले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडी उत्पादनमा सहयोग पुग्ने विश्वास लिइएको छ । खेल क्षेत्रको विकासका लागि आफ्ना पिता स्वर्गीय माधवप्रसाद श्रेष्ठले १० रोपनी जग्गा नि:शुल्क उपलब्ध गराएपछि यहाँ कम्प्लेक्स निर्माण गरिएको महासचिव श्रेष्ठले जानकारी दिनुभयो ।

यसैबिच, नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्दले कम्प्लेक्सको स्थलगत अनुगमन गर्नुभएको छ । अनुगमनका क्रममा उहाँले भौतिक अवस्था, सम्भाव्यता तथा आवश्यक सुधारका विषयमा चासो व्यक्त गर्दै केन्द्र सञ्चालनका लागि स्थानीय तह, प्रदेश सरकार र सङ्घबिच सहकार्य आवश्यक रहेको बताउनुभयो । स्थानीय सरकारको सक्रिय भूमिका र राज्यको निरन्तर सहयोगबिना यस्तो महत्त्वपूर्ण संरचना दीर्घकालीन रूपमा सञ्चालन गर्न कठिन हुने उहाँको धारणा छ ।

भलिबलका मुख्य प्रशिक्षक तथा राष्ट्रिय खेलकुद परिषद्का तालिम प्रशिक्षक एवं उपनिर्देशक जगदीशप्रसाद भट्टले संरचनालाई पूर्ण रूपमा सम्पन्न गर्न सके यहाँ भलिबलसहित अन्य 'इन्डोर्स' खेलका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिने बताउनुभयो । पहाडी क्षेत्रमा निर्माण भएको यस्ता संरचनामा प्रशिक्षण लिएका खेलाडीले उत्कृष्ट क्षमता प्रदर्शन गर्न सक्ने उहाँको भनाइ छ ।

प्रशिक्षण केन्द्र सञ्चालनले जिल्लामा खेलकुद गतिविधि वृद्धि हुनका साथै युवालाई अनुशासित र स्वस्थ जीवनतर्फ प्रेरित गर्दै तथा राष्ट्रिय खेल भलिबलको प्रवर्द्धनमा भोजपुरको योगदान बढ्ने स्थानीयवासी उत्तम खड्काले बताउनुभयो । लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको खेल संरचनालाई पुन: जीवन दिने कार्यले भोजपुरको खेलकुद विकासमा नयाँ आशा जगाएको उहाँको भनाइ छ । ***रासस***

# मुस्ताङबाट छ महिनामा चार हजार चार सय ९१ केजी फोहर निकासी

मुस्ताङ, ३ फागुन । मुस्ताङबाट चालु आर्थिक वर्षको छ महिनामा चार हजार ३९१ केजी फोहरमैला जिल्ला बाहिर निकासी गरिएको छ । यहाँस्थित वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकामा सङ्कलित फोहरमैलालाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले जिल्ला बाहिर पठाएको हो ।

धार्मिक तथा पर्यटकीय हिमाली जिल्ला मुस्ताङलाई स्वच्छ, सफा र वातावरणमैत्री तुल्याउने उद्देश्यले एक्यापले गत आर्थिक वर्षदेखि यहाँका समुदायले सङ्कलन गरेको फोहरमैलालाई ट्रकमार्फत ढुवानी गरी पोखरा पठाउन थालेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेशप्रसाद गुप्ताले जानकारी दिनुभयो ।

एक्यापले मुस्ताङको तल्लो क्षेत्रमा समुदायले सङ्कलन गरेको नकुहिने प्लास्टिकजन्य फोहरमैला उठाएर पुन: प्रयोगका लागि पोखरास्थित ग्रीन वेस्ट मेनेजमेन्ट प्रालिमा निकासी गरेको कार्यालय प्रमुख गुप्ताले उल्लेख गर्नुभयो । चालु वर्षको पुससम्म यहाँ सङ्कलित फोहर चारपटक ट्रकमा ढुवानी गरी पोखरा पठाइएको प्रमुख गुप्ताको भनाइ छ ।

मुस्ताङमा पर्यटन व्यवसायी तथा स्थानीय समुदायस्तरबाट सङ्कलन भएको नकुहिने फोहरलाई एक्याप जोमसोमले ट्रकको ढुवानी गरिएको भाडा आफ्नै आर्थिक खर्च व्यवस्थापन गरी पोखरास्थित प्रशोधन केन्द्रमा पठाउने गरेको प्रमुख गुप्ताले जानकारी दिनुभयो ।

यस वर्ष पहिलो चरणमा गत भदौ ११ गते १७६ बोरा अर्थात् ५४४ केजी, दोस्रो चरणमा कार्तिक १९ गते १५४ बोरा अर्थात् ८६० केजी, तेस्रो चरणमा मङ्सिर ७ गते २४२ बोरा अर्थात् १५३ केजी र चौथो चरणमा पुस ९ गते १७२ बोरा अर्थात् एक हजार ३५१ केजी फोहर पोखरामा निकासी गरिएको हो ।

यसैगरी, गत वर्ष एक्याप जोमसोमले यहाँको तीन पालिकामा पर्यटन व्यवसायी तथा समुदायले सङ्कलन गरेको दस हजार १९० केजी फोहर ट्रकमा ढुवानी गरी पोखरास्थित ग्रीन वेस्ट मेनेजमेन्ट प्रशोधन केन्द्रमा पठाएको थियो ।

यसअघि मुस्ताङमा सङ्कलन हुने नकुहिने प्लास्टिकजन्य फोहर व्यवस्थापनका लागि एक्याप र ग्रीन वेस्ट मेनेजमेन्ट प्रालिबिच फोहर व्यवस्थापन गर्नेसम्बन्धी सहमति गरेको थियो । एक्याप प्रमुख गुप्ताका अनुसार मुस्ताङमा सङ्कलन हुने फोहरलाई सम्बन्धित स्थानमा पुऱ्याउन ढुवानीको साधन व्यवस्थापन गर्नमा समस्या परिरहेको बताउनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको स्वामित्वमा रहेको मुस्ताङमा यहाँको वातावरणलाई चुस्त राख्ने उद्देश्यले फोहरमैला व्यवस्थापन गर्नका लागि चालु आवमा यहाँका तीन पालिकाले रु. पाँच-पाँच लाख बजेट विनियोजन गरिएको प्रमुख गुप्ताले बताउनुभयो । एक्यापले दिएको फोहरमैला व्यवस्थापन शीर्षकको बजेटमा रहेर यहाँको घरपझोङ गाउँपालिकाले ट्याम्पो खरिद गरेको छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले सङ्कलित फोहरलाई थिच्ने कम्प्रेसर मेसिन खरिद गरेको छ भने थासाङ गाउँपालिकाले फोहरमैला शीर्षकमा छलफलको चरणमा रहेको एक्यापले जनाएको छ ।

त्यसैगरी, जिल्लामा पर्यटक तथा स्थानीय नागरिकबाट हुने फोहरमैलाको समुचित व्यवस्थापनका लागि यहाँका तीन पालिकामा एक्याप फोहर सङ्कलन केन्द्र पूर्वाधार निर्माण गरेको जनाएको छ । एक्यापले यहाँको थासाङ-४ घाँसा, थासाङ-३ लेते र धम्पु, थासाङ-२ कोवाङ, थासाङ-१ टुकुचे, घरपझोङ-३ स्याङ, घरपझाङ-१ छैरो, वारागुङ मुक्तिक्षेत्र-४ कागबेनी र वारागुङ मुक्तिक्षेत्र-४ मुक्तिनाथमा फोहरमैला सङ्कलन केन्द्र पूर्वाधार निर्माण गरेको जनाएको छ । ***रासस***

। सम्पादकीय ।

# निर्वाचन पनि एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष

प्रतिनिधिसभामा भाग लिने राजनीतिक दलहरूले निर्वाचनको पूर्वसन्ध्यामा आ-आफ्नो दलको घोषणापत्र तथा प्रतिबद्धतापत्र सार्वजनिक गर्दै छन् । राजनीतिक दलहरूको घोषणापत्र तथा प्रतिबद्धता सार्वजनिक गर्ने क्रम चालू छ । यसैबिच नेपाल मजदुर किसान पार्टीले आइतबार शङ्खमूल काठमाडौँको होटेल ए वान पालेसमा एक विशेष समारोहबिच घोषणापत्र जारी गऱ्यो । 'देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियान अगाडि बढाऔँ' भन्ने उद्घोषका साथ घोषणापत्र सार्वजनिक गरिएको हो ।

निर्वाचन पनि एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष हो । यो जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर हो । निर्वाचन राजनीतिक शिक्षा दिने एक भरपर्दो माध्यम हो । नेमकिपाले निर्वाचनलाई उपयोग गरी पुँजीवादी व्यवस्थालाई उदाङ्ग्याउने काम गऱ्यो । पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागु गर्दै आएको छ । पुँजीवादी पार्टीहरूले निर्वाचनमा पद, पैसा, पशुबल र सत्ताको दुरूपयाग गरिरहेको घामझैँ छर्लङ्ग छ । यो निर्वाचनबाट नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरूआत, सुशासन र लोकतन्त्रको हित हुन्छ भन्ने भ्रममा पर्नु हुँदैन ।

संसद्को मुख्य काम र केन्द्र को प्रधानमन्त्री बन्ने र बनाउने भन्ने होइन । प्रतिनिधिसभाले देश र जनताको निम्ति आवश्यक नीति र ऐनको निर्माण गर्ने काम गर्छ । संसद्लाई जनताको पिर-मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सहज बनाउनुपर्छ भन्ने नेमकिपाको मान्यता हो । प्रजातन्त्र सत्तामा बस्ने राजनीतिक दलहरूको मनपरीतन्त्र होइन न त यो शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री हुने व्यवस्था नै हो । यो त एक जीवन पद्धति हो । निर्वाचनको यो बेला केही राजनीतिक दलका नेताहरूले आफू नै प्रधानमन्त्री बन्ने र सबभन्दा ठुलो दल बनाउने कुरा फुकिरहेका छन् । प्रधानमन्त्री बन्ने र दल ठुलो बनाउने हौवा दिएर जनताको मत आफूतर्फ खिच्ने प्रयास भइरहेको देखिन्छ ।


ठुला दल र केही नयाँ दलका नेताहरू देश र जनताको पक्षमा ऐन कानुन बनाउने थलो संसद्लाई विकासको आश्वासन बाँडेर संसद्लाई विकासको योजना बाँड्ने थलो बनाउने झूट कुरा फलाक्दै छन् । नेमकिपाले सांसदहरूलाई निर्वाचन क्षेत्र विकास कोषको जिम्मा दिन नहुनेबारे शासक दलका नेताहरूलाई बारम्बार सचेत गराउँदै आएको हो । संसद्ले विधेयक पारित गरी ऐन, कानुन र नीति निर्माण गर्छ । सांसदहरू कुनै नगरपालिकाका प्रमुख र गाउँपालिकाका अध्यक्षहरू होइनन् । बरू, उनीहरू देशको नीति निर्माणका प्रतिनिधि हुन् ।

प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन, यो जीवन पद्धति र व्यवहार हो । राजनीतिक दल एक चिन्तनको चौतारी हो । नेमकिपा निर्वाचनबाट समाजवाद स्थापना हुन्छ भन्नेमा विश्वास गर्दैन । निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने व्यवस्था गराउनु जरूरी छ ।

सरकारले देश र जनताको हितमा संविधान हेरफेर गर्नु आवश्यक छ । तीन प्रतिशतको प्रावधान खारेज हुनुपर्छ । खुला सीमा नियमनको लागि संविधान संशोधन जरूरी छ । नेपालीको सम्पत्तिको सीमाङ्कन हुनुपर्छ । विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था हुनुपर्छ । देशद्रोही र ठुलठुला अपराधीहरूलाई निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित गरिनुपर्छ । नेमकिपाका सांसदहरूले यी नै विषयमा सदन र सडकमा आवाज बुलन्द गर्नेछन् । देश र जनताको दीर्घकालीन हितमा सदन र सडकमा सङ्घर्ष जारी राख्ने नेमकिपाको उद्देश्य हो । नेमकिपाले फागुन २१ गते हुने निर्वाचनमा देशमा युवा, विद्यार्थी, मजदुर, शिक्षक, महिला, किसान, बुद्धिजीवी, व्यापारी-व्यवसायी, कर्मचारी, साहित्यकार, चिकित्सक, इन्जिनियर, कानुन व्यवसायी तथा सर्वसाधारण जनतामा सही उम्मेदवारलाई मतदान गर्न आग्रह गरेको छ ।

# देश र जनताको नि:स्वार्थ सेवा गरौँ र समाजवादी प्रचार अभियान अगाडि बढाऔँ !

*जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउन र आमा-बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालू राख्नेछ ।*


**प्रेम सुवाल, सचिव नेमकिपा**

नेपाल मजदुर किसान पार्टीको स्थापना देश र जनताको नि:स्वार्थ सेवा गर्न २०३१ साल माघ १० गते भएको हो । स्थापनाकालदेखि पार्टीले किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गर्दै आएको छ ।

३५ वर्षयता पालैपालो सरकारमा गएका शासक दहहरूले देश र जनताको समस्या समयमा समाधान गर्न सकेनन् र सम्भावित दुर्घटनाको पूर्वानुमान पनि गर्न सकेनन् । भदौ २३ र २४ गतेको घटनापछि चुनावी सरकार गठन, प्रतिनिधिसभा विघटन र यही फागुन २१ गते निर्वाचन घोषणा भयो ।

निर्दलीय पञ्चायती व्यवस्थाको सुरुदेखि नै पार्टीले निर्वाचनलाई उपयोग गरी समाजवादी प्रचार अभियानलाई अघि बढाउँदै आएको छ । निर्वाचन जनतालाई राजनीतिक रूपले शिक्षा दिने बृहत् कक्षाजस्तै हो । निर्वाचन आमूल परिवर्तनको सङ्केत दिने एक 'ब्यारोमिटर' पनि हो । पार्टीले निर्वाचनलाई उपयोग गरी पुँजीवादी व्यवस्थालाई उदाङ्ग्याउँदै आयो । तर, पार्टीले निर्वाचनबाट समाजवाद आउने विश्वास गर्दैन । पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागू गर्दै छ ।

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन, न त शासक पार्टीका मुट्ठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्र एक जीवनपद्धति हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् ।

संसद् देशको नीति–निर्माण, बजेट, ऐन, द्विपक्षीय अथवा बहुपक्षीय सन्धि-सम्झौतामाथि छलफल र निर्णय गर्ने बौद्धिक थलो हो । नेमकिपाले २०४८ सालयता संसद्मा देश र जनताको हितमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्दै आएको हो । फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा पार्टीले प्रत्यक्ष निर्वाचनमा १२० उम्मेदवार उठाएको छ । यसमा महिला ५४ जना छन् यो ४५ प्रतिशत हो । पार्टीले समानुपातिक उम्मेदवारमा १०९ जना उठाएको छ । यसमा ५८ जना महिला उम्मेदवार छन् । यो ५३ प्रतिशत हो ।

यो निर्वाचन पनि पुँजीवादी नै हो । पुँजीवादी पार्टीहरूले यो निर्वाचनमा पनि पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन् । यो निर्वाचनबाट पनि नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरुआत, सुशासन र लोकतन्त्रको जीत हुन्छ भन्ने भ्रममा नेपाली जनता पर्नु हुँदैन । निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुनेछ । यसपटक पनि नेमकिपाले संसद्मा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरी देश र जनताको नि:स्वार्थ सेवा गर्नेछ ।

नेमकिपाको भर्खरै सार्वजनिक भएको घोषणापत्रका केही महत्त्वपूर्ण विषय यहाँ प्रस्तुत गर्दछु ।

- नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई सधैँ दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लियो र लिँदै छ ।
- संसद्को मुख्य काम र केन्द्र 'प्रधानमन्त्री' होइन बरु आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो । संसद्लाई जनताको पिरमर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउनेछ ।
- जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउन र आमा-बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालू राख्नेछ ।
- नेमकिपाले देशको द्रुतत्तर विकास गर्न २०४८ सालदेखि दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरुङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गर्दै आएको हो ।
- सरकारहरूले कर्मचारीलाई तलब खुवाउन ऋण लिने र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण लिने गरेको देशघाती कामको विरोध चालू रहनेछ ।
- भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर सङ्घर्षरत रहनेछ ।
- भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक संसद्को पहिलो अधिवेशनबाट पारित गराउन जोड दिनेछ । समाजलाई बुद्धिजीवीकरण बनाउने अभियानको अगुवाइ विश्वविद्यालयहरूलाई गराउन आवाज राख्नेछ ।
- विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्टारहरू, संवैधानिक आयोगका पदाधिकारी, सेना र प्रहरीका प्रमुख, न्यायालयका न्यायाधीशहरूको सम्बन्धित क्षेत्रबाट निर्वाचित गराएर नियुक्ति गर्न आवाज उठाउनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने कानुनी व्यवस्था गराउनु जरुरी छ ।
- सर्वसाधारण जनतालाई थप सेवासहित स्वास्थ्य बीमाको उपचार प्रभावकारी बनाउन जोड दिनेछ ।
- केही वर्षदेखि नेपालमा संसद्बारे 'हाजिर गरेर भत्ता पचाउने', 'रातो राहदानी बेचने' र 'खालि सहुलियत खोज्नेहरूको संस्था' जस्ता शब्द र वाक्यांशहरू जनताबाट प्रयोग भयो- बसमा, चिया पसल र चौतारीहरूमा समेत !

*लाखौँ नेपाली युवालाई विदेश पठाउँदा देशको कृषि अर्थतन्त्रमा बज्रपात भयो । कृषि उत्पादन बढाउन आवश्यक र सम्भव ठाउँहरूमा सिँचाइका नहरहरू बनाउन सङ्घर्ष गर्नेछ । मल-कारखाना र बीउबिजनको बन्दोबस्त अर्को महत्त्वपूर्ण विषय हो ।*

- लाखौँ नेपाली युवालाई विदेश पठाउँदा देशको कृषि अर्थतन्त्रमा बज्रपात भयो । कृषि उत्पादन बढाउन आवश्यक र सम्भव ठाउँहरूमा सिँचाइका नहरहरू बनाउन सङ्घर्ष गर्नेछ । मल-कारखाना र बीउबिजनको बन्दोबस्त अर्को महत्त्वपूर्ण विषय हो ।
- मध्यम, गरिब, खेती किसान र खेतीहर मजदुरकै निम्ति सहकारी संस्थाको बढी महत्त्व हुन्छ । खेतीको काम सिद्धिनासाथै उनीहरूलाई सहकारीमार्फत घरघरमा काम गर्ने, कुटीर व्यवसाय, ससाना घरेलु र साना उद्योगको बन्दोबस्त गराउन जरुरी छ । यो बन्दोबस्त भए कतिपय सहकारी संस्थामा भइरहेको ठगी नियत्रण हुनेछ ।
- नेपालमा सहकारी मन्त्रालयका मन्त्री र विभागका माथिल्ला कर्मचारीहरूले सहकारी संस्थाहरूलाई 'निजी बैङ्क' को रूपमा 'बचत र ऋण सहकारी संस्था' बनाएर ठुल्ठुला निजी बैङ्कहरूको दलाल बनाउने अपराध गरे ।
- माथिल्लो कर्णाली देशको सबभन्दा 'सस्तोमा विद्युत् उत्पादन' हुने योजना नेपाली जनताको सपना हो । नेपालमा उत्पादित सबै जलविद्युत्को भण्डारण भारतमा रहने सन्धि सम्झौता खारेज गराउन सङ्घर्ष चालू राख्नेछ ।
- भेनेजुयलामाथि हमलापश्चात् अमेरिकी साम्राज्यवादले ल्याटिन अमेरिकाको समाजवादी देश क्युवामाथि लगाएको नाकाबन्दी झन् कठोर बनायो । मादुरो दम्पतीको रिहाइको लागि नेमकिपाले विरोध प्रदर्शन र काठमाडौँस्थित अमेरिकी राजदूतावासमार्फत राष्ट्रपति ट्रम्पको ध्यानाकर्षण गरायो । एमसीसी र एसपीपी खारेज गराउन नेमकिपाले निरन्तर सङ्घर्ष गर्नेछ ।
- 'इप्स्टिन फाइल' ले संयुक्त राज्य अमेरिका र पश्चिमा नेतृत्वको अपराध र पशु व्यवहार उदाङ्गिएको छ ।

नेमकिपाको अघिल्ला घोषणापत्रमा जोड दिइएको एक-एक बुँदा यहाँ उल्लेख गरिएको छ -

- प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन । दुई ठुला पार्टीहरूले पालैपालो जनतामाथि शासन गर्ने हो भने कामदार वर्गको निम्ति प्रजातन्त्र रहनेछैन । (२०४८ वैशाख २९ सम्पन्न)
- प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन, बरु जीवन पद्धति र व्यवहार हो । (२०५१ कार्तिक २९ सम्पन्न)
- देशघाती सन्धि-सम्झौता गर्ने शासक दल र तिनका मतियारहरूलाई जनताले आज नभए भोलि सजाय दिनेछन् । ( २०५६ वैशाख २० र जेठ ३ सम्पन्न)
- पुँजीवादी व्यवस्थाको हरेक निर्वाचनमा पद, पैसा, पशुबल र सत्ताको दुरुपयोग हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् । ( २०६४ वैशाख २८ मा सम्पन्न)
- संविधान साध्य होइन, साधन हो र त्यो साधन विखण्डनकारीको अनुकूल बन्न दिनुहुँदैन । (२०७० मङ्सिर २१ सम्पन्न)
- राजनीतिक दल एक चिन्तनको चौतारी हो । नेमकिपा निर्वाचनबाट समाजवाद स्थापना हुन्छ भन्नेमा विश्वास गर्दैन । (२०७४ मङ्सिर २१ सम्पन्न)
- जन्मको आधारमा विदेशीलाई दिइएको नेपाली नागरिकता खारेज गर्नु जरुरी छ । नेपालजस्तो कृषिप्रधान देशमा पहिलो प्राथमिकता कृषिमै दिनु आवश्यक छ । (२०७९ मङ्सिर ४ गते सम्पन्न)

***(फागुन ३ गते भएको नेमकिपाको प्रतिनिधिसभा निर्वाचन २०८२ को घोषणापत्र सार्वजनिक कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालद्वारा व्यक्त मन्तव्य-सं.)***

# अन्तर्राष्ट्रवादी पत्रकार एड्गर स्नोको जीवनबारे सङ्क्षिप्त चर्चा–२

**चीनको दोस्रो युवा आन्दोलन**

सन् १९३५ मा जापानले मन्चुरिया र भित्री मङ्गोलिया कब्जामा लियो र ठुलो पर्खालको दक्षिणको होपै चाहार क्षेत्रलाई 'स्वायत्त' बनाउन खोज्यो। च्याङ काई शेक जापानसँग लड्नुको अर्थ कम्युनिस्टको विजय सम्झन्थ्यो। जापान ठुलो पर्खालको दक्षिण र पेइचिङको बिचको भागलाई 'असैनिक क्षेत्र' घोषणा गराउन चाहन्थ्यो। त्यसको अर्थ अर्को पटक ती क्षेत्र जापानको नियन्त्रणमा जान्थ्यो। कोमिन्ताङ सरकार जापानसँग लड्ने पक्षमा थिएन र एक पुरानो राष्ट्रवादी सिपाही जनरल सुङ चे युयान (Sung Cheh–Yuan) लाई होपै चाहार 'स्वायत्त' क्षेत्रको जिम्मा सुम्पियो।

सरकारको पछि हट्ने त्यस नीतिले उत्तरी चीनका सबै संवेदनशील जनता आत्तिए। अमेरिकी क्रिश्चियन येनेचिङ विश्वविद्यालयका विद्यार्थीहरू रोई कराई गरी देशलाई बचाउन आफ्ना विदेशी प्राध्यापक र पत्रकारहरूसम्म पुगे।

सन् १९३५ को डिसेम्बर महिना थियो, विद्यार्थीहरूको त्यो भावना स्नो परिवारले बुझ्यो र देश बचाउन विद्यार्थीहरूलाई उत्साहित गर्न थाल्यो। ९ डिसेम्बरको दिन पेइचिङका हजारौँ युवा विद्यार्थीहरूले 'नक्कली स्वाधीनता आन्दोलन मुर्दावाद !', 'विश्वासघातीहरूलाई पक्राउ गर !', 'जापानी साम्राज्यवाद मुर्दावाद !', 'चीनलाई बचाऊ !' जस्ता नाराहरू लगाएर प्रदर्शन, पर्चा, पोस्टर, पताका, उपचार दल, सम्चारेहरू र सञ्चालन समिति बनिसकेका थिए। प्रहरीले लाठी प्रहार गऱ्यो, हावामा गोली हान्यो, स्थिति झन् चर्क्यो। प्रदर्शनमा पसले, स्वास्नीमानिसहरू, किसान र ज्यामी, भिक्षुहरू, शिक्षक, साहुमहाजन, रिक्सावाल सबैले भाग लिए। त्यो आन्दोलन देशभरि फैलियो। देश-विदेशमा त्यही मुख्य समाचार बन्यो।

१७ डिसेम्बर १९३५ का दिन पेइचिङ र थेनचिनमा दोस्रो व्यापक प्रदर्शन भयो। त्यसले व्यापकता लियो। जापान जिल्लियो, जनरल सुङले जापानको माग जनताको विरोधका कारण केही गर्न नसक्ने बतायो। जापानी जेनेरल केन्जि डोइहारा (Kanjil Doihara) लाई फिर्ता बोलाइयो। सन् १९१९ को मई महिनाको युवा आन्दोलनपछि ९ डिसेम्बर १९३५ को युवा आन्दोलन अत्यन्त महत्त्वपूर्ण रह्यो।

त्यसबेला कम्युनिस्टहरूको लाल इलाकालाई घेरामा राख्न राष्ट्रवादी सरकारको राष्ट्रपति च्याङ काई शेकले सियान (Xian) मा बलियो मन्चुरियाली सेना राखेको थियो। त्यसको उत्तरतिर शान्सि (Shansi) प्रान्तको येनान (Yenan) लाई चिनियाँ कम्युनिस्ट सरकारको राजधानी बनाइएको थियो। एड्गर स्नोलाई लाल इलाकाको प्रधान कार्यालयबाट बोलावट आइपुग्यो। उनी र उनका एकजना घनिष्ठ साथी जर्ज हाटेम (George Hatem) सियान पुगे। त्यहाँबाट लुकीछिपी तिनीहरू शान्सि प्रान्तको येनान र पाओ आन (Pao An) पुगे। अहिलेको रोमन वर्णमालामा दिएको उच्चारणअनुसार (Bao'an) लेखिन्छ।

**कम्युनिस्ट सदरमुकाममा**

एडगर स्नोले साङ्घाईमा सुङ चिङ लिङमार्फत कम्युनिस्ट पार्टीको केन्द्र येनानको पाओ आनमा पुग्न जून १९३६ मा मिलाएका थिए। सियानफू (Sianfu) हुँदै लाल इलाकामा चाउ एन लाइ, सेनाको सञ्चार विभाग प्रमुख लि को नुङ (Li KoNung) र माथिल्लो कमान्डर येन चिन यिङ (Yen Chin–Ying) सँग भेट गरे। सहरी जीवनको फरासिला, दाह्री भएका चाउ एनलाइ त्यतिखेर ३८ वर्षका थिए।

९२ दिनको घोडा र पैदलको कठिन यात्रापछि पाओ आनमा माओ त्सेतुङसँग स्नोको भेट भयो। ४२ वर्षका व्यक्तिगत कुरा गर्न नचाहने माओसँग चीनको इतिहास, एसियाली मार्क्सवाद र पार्टीको इतिहासबारे कुराकानी गरे।

पाओ आनमा तिनीहरू ३ महिना बसे। त्यहाँ एड्गर स्नोले चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, त्यसपछिका महत्त्वपूर्ण घटनाहरू, माओ त्सेतुङ नेतृत्वमा आइपुग्दासम्मका पार्टीका सैद्धान्तिक सङ्घर्षहरूको जानकारी पाए र टिपोट गरे। त्यसपछि महत्त्वपूर्ण केन्द्रीय नेताहरूसँग भेटघाट गरी तिनीहरूका जीवनीहरूको टिपोट बनाए। त्यस टिपोटलाई एड्गर स्नोले अङ्ग्रेजीमा लेखे, त्यसलाई फेरि चिनियाँ भाषामा अनुवाद गरी माओ त्सेतुङ र नेताहरूलाई देखाए। अनेक केरमेटपछि त्यसलाई अन्तिम रूप दिइयो। त्यसबेला उल्था गर्ने व्यक्तिमध्ये येनचिङ विश्वविद्यालयका छात्र ह्वाङ ह्वा (Huang Hua) एक थिए। पछि उनी संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिमण्डलका नेता भए।



परिवारसँग एड्गर

पाओ आनबाट पेइचिङ फर्केपछि एड्गर स्नोले सारमा चीनमै प्रकाशित अङ्ग्रेजीको 'चिनियाँ साप्ताहिक समीक्षा' (China Weekly Review) मा धारावाहिक लेखको रूपमा प्रकाशित गरे।

सन् १९३७ मा त्यही लेखहरूलाई बेलायतमा 'चीनको आकाशमा रातो तारा' (Red Star Over China) भन्ने पुस्तकको रूपमा भिक्टोर गोलानस (Victor Gollanes) नामबाट पहिलोपटक प्रकाशित गरियो। सन् १९३८ मा सरा अमेरिकामा पनि प्रकाशित गरियो। सन् १९६८, १९७२ र १९७३ मा उक्त पुस्तकको संशोधित संस्करणहरू प्रकाशित भए।



सन् १९३९ मा एड्गर स्नो पुनः येनानमा माओ त्सेतुङ भेट्न गए। चीन बस्दा उनले 'सिकागो ट्रिब्युन' (Chicago Tribune), 'द न्युयोर्क सन' (The New York Sun), 'द न्युयोर्क हेराल्ड ट्रिब्युन' (The New York Herald Tribune) र 'द लण्डन डेली ट्रिब्युन' (The London Daily Tribune) मा पनि काम गरे।

सन् १९४१ मा एड्गर स्नो आफ्नो जहानसँग अमेरिका फर्के। त्यहाँ तिनीहरू आपसमा छुट्टिए अर्थात् हेलेन फोस्टरसँग पारपाचुके भयो। सन् १९४२ अप्रिल महिनादेखि उनी 'द स्याटरडे इभिनिङ पोस्ट' (The Saturday Evening Post) को निम्ति अन्तर्राष्ट्रिय संवाददाताको रूपमा काम गरे। दोस्रो विश्वयुद्ध सुरू भइसकेको हुँदा उनी अप्रिलमा अफ्रिका पुगे र मई महिनामा दिल्ली पुगी भारत, बेलायतको स्थितिबारे बुझ्न जुलाईमा वार्धा (Wardha) मा नेहरूसँग अन्तर्वार्ता लिए। भारतबाट उनी मस्को पुगे।

रूसमा उनी अमेरिकी दूतावासको पर्यवेक्षणमा स्तालिनग्राडको लडाइँमा पुगे। त्यसबेला स्नोले एक तटस्थ पर्यवेक्षकको रूपमा भन्दा फासीवादविरोधी मित्रराष्ट्रहरूको पक्षमा समाचारहरू लेखे। एसियामा पुगेपछि उनले 'एसियाको युद्ध' (The Battle for Asia) पुस्तक लेखे।

सन् १९४४ मा उनले माओ त्सेतुङ र चिनियाँ कम्युनिस्टहरू 'किसानी प्रजातन्त्रवादीहरू' हुन्, तिनीहरू सर्वसत्तावादीहरू होइनन् भनी 'जनता हाम्रो साथमा' (People on our Side) भन्ने पुस्तक लेखे। त्यसबेला स्नो ३९ वर्षका थिए। उनले 'सोभियत शैलीको सत्ता' (The Pattern of Soviet Power) र 'स्तालिन शान्ति चाहन्छ' (Stalin wants peace) भन्ने पुस्तक लेखे।

दोस्रो विश्वयुद्धपछि संरा अमेरिकामा अत्यन्त कम्युनिस्टविरोधी परिस्थिति थियो। त्यस अवस्थालाई त्यहाँको प्रधानसेनापति म्याकार्थीको नामबाट 'म्याकार्थी युग' (McCarthy Period) पनि भन्ने गरिन्छ। त्यसबेला संरा अमेरिका आफ्नै तानाशाही व्यवस्थाको रूपमा प्रस्टिएको थियो। त्यस वातावरणमा अमेरिकी सङ्घीय गुप्तचर विभाग (FDI) ले स्नोलाई लखेट्नु अस्वाभाविक थिएन।

सन् १९५७ मा उनले 'रातो चीनका टिपोटहरू' (China : Random Notes on Red China) लेखे र सन् १९५८ मा बेलायतबाट 'सुरूका यात्रा' (Journey to the Beginning) प्रकाशित गरे। त्यस पुस्तकमा सन् १९२८-२९ तिरको चीनको कहालीलाग्दो बयान र भ्रमण गरेका देश, जनता र नेताहरूबारे उल्लेख छ।

संरा अमेरिकामा बस्न उनलाई गाह्रो भएको हुँदा उनी स्वीट्जरल्यान्डमा आफ्नी दोस्री पत्नी लुइस ह्वीलर स्नो (Louis Wheelor Snow) सँगै बस्न गए। तर, नागरिकता भने अमेरिकाकै थियो।



सन् १९६० मा एड्गर स्नो अध्यक्ष माओका साथ

सन् १९६० मा एड्गर स्नो पुनः चीन गए। उनले माओ त्सेतुङ र चाउ एन-लाइसँग अन्तर्वार्ता पनि लिए। सन् १९६३ मा उनले १९५९ देखि १९६१ को चीनको स्थितिसमेत प्रस्ट हुने गरी 'आजको रातो चीन : नदीको अर्को भाग' (Red China Today M The Other Side of the River) शीर्षकको पुस्तक प्रकाशित गरे।

सन् १९६४ मा उनी फेरि चीनको भ्रमणमा गए। भियतनाम युद्धमा संरा अमेरिका झन्झन् फस्दै गयो, ऊ त्यहाँबाट न भाग्न सक्ने न त लडाइँ चालु राख्न सक्ने स्थितिमा पुग्यो। अमेरिकामा भियतनाम युद्धविरोधी जनमत बढ्दै थियो, दिनको झन्डै १२ करोड डलर खर्च हुँदै थियो, अमेरिकी डलरको मूल्य घट्दै गयो। यस्तो स्थितिमा भियतनाम युद्धबाट उम्कन अमेरिकाले चीनसँग वार्ता नगरी सुख पाउने स्थिति नै थिएन। अमेरिकाले पठाउने दूतलाई चीनले स्वीकार गर्न मानेन भने चीनले भनेको मान्न अमेरिका तयार थिएन।

सन् १९७० मा स्वीट्जरल्यान्डमा बसेका एड्गर स्नोलाई राष्ट्रपति निक्सनले चीन गई सम्बन्ध सुधारको निम्ति आग्रह गरे। एड्गर स्नो चीनको पुरानो मित्र भएको नाताले चीनले स्वागत गऱ्यो। त्यसपछि पिंगपंग (टेबुलटेनिस) का खेलाडीहरूको भ्रमणको आदान-प्रदान, पत्रकारहरूको भ्रमण र हेनरी किसिङ्गरको चीन भ्रमणपछि अमेरिकी राष्ट्रपति निक्सन चीन पुगे।

एसियाली र अफ्रिकी देशहरूको सम्मेलन इन्डोनेसियाको वाङडुङ सहरमा भएको थियो। चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व प्रधानमन्त्री चाउ एन-लाइले गरेका थिए। त्यहाँ अमेरिकी विदेशमन्त्री डलेससँग चाउ एनलाइले चीन-अमेरिकी सम्बन्ध सुधार्न हात मिलाउन खोज्दा डलेसले हात पछि हटाउने धृष्टता गरेका थिए। त्यस शिष्टाचारविरोधी व्यवहारलाई चिनियाँहरूले बिर्सेका थिएनन्।

निक्सन पेइचिङ हवाई अड्डामा हवाइजहाजको सिँढीबाट तल झरी हात मिलाउन उनले नै पहिले चाओ एनलाइतिर हात बढाए। यसरी एड्गर स्नोले चीन र संरा अमेरिकाबिचको सम्बन्ध सुधार्न भूमिका खेले।

स्वीट्जरल्यान्डमा एड्गर स्नो पेटको क्यान्सर (Pancreatic Cancer) बिरामी भए। उनका साथी जर्ज हाटमसँगै प्रधानमन्त्री चाउ एन लाइले चिनियाँ डाक्टरहरूको एक टोली स्वीट्जरल्यान्ड पठाए। १५ फेब्रुअरी १९७२ मा कम्युनिस्टका एक असल मित्र र पत्रकार एड्गर स्नो ६७ वर्षको उमेरमा बिते। तर, उनका रचनाहरूमा उनी सदा जीवित रहने छन्।

**एड्गर स्नोका रचनाहरू**

१. Living China
२. Red Star Over China
३. The Battle for Asia
४. People on our side
५. The Pattern of Soviet Power
६. Stalin must have peace
७. China M Random Notes on Red China
८. Journey to the Beginning
९. Red China Today M The Other Side of the River

**उनले काम गरेका पत्र-पत्रिकाहरू**

१. Chicago Tribune
२. The New York Sun
३. The New York Herald Tribunes
४. The London Daily Herald
५. China Weekly Review
६. The Saturday Evening Post
७. Herald Tribune

***स्रोत : चार अन्तर्राष्ट्रवादी पत्रकार***

***समाप्त***

# चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समिति र राज्य परिषद्द्वारा वसन्त महोत्सवको आयोजना



पेइचिङ, ३ फागुन (सीआरआइ)। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समिति र राज्य परिषद्ले फेब्रुअरी १४ का दिन बिहान जन वृहत सभाभवनमा वसन्त महोत्सवको आयोजना गरेको छ। कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका महासचिव, राष्ट्राध्यक्ष, केन्द्रीय समितिको सैन्य आयोगका अध्यक्ष सी चिनफिङले केन्द्रीय समिति र राज्य परिषदको तर्फबाट देशभरका सबै जातीय समूहका मानिसहरू, साथै हङकङ, मकाउ र ताइवानका देशवासीहरू र विदेशमा रहेका चिनियाँहरूलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्नुभएको छ।

चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले जोड दिनुभएअनुसार समाप्त हुन लागेको सर्प वर्ष एक असाधारण वर्ष हो। जटिल र निरन्तर परिवर्तनशील अन्तर्राष्ट्रिय र घरेलु परिस्थितिको सामना गर्दै हामी चुनौतीको सामना गर्दै अगाडि बढ्यौं, पार्टी र देशको उद्देश्यमा नयाँ प्रगति र उपलब्धिहरूलाई प्रवर्द्धन गर्दै वर्षभरि आर्थिक र सामाजिक विकासका लागि मुख्य लक्ष्य र कार्यहरू सफलतापूर्वक सम्पन्न भएको छ। १४ औं पञ्चवर्षीय योजना सफलतापूर्वक सम्पन्न भयो र चिनियाँ शैलीको आधुनिकीकरणले नयाँ र ठोस कदम चाल्यो।

सन् २०२६ चीनको कम्युनिस्ट पार्टीको स्थापनाको १०५ औं वार्षिकोत्सव हो र १५ औं पञ्चवर्षीय योजनाको पहिलो वर्ष हो। नयाँ युगको लागि चिनियाँ विशेषतासहितको समाजवादमा सी चिनफिङ विचारधाराको मार्गदर्शन पालना गर्नुपर्छ, नयाँ विकास ढाँचाको निर्माणलाई तीव्र बनाउनुपर्छ, उच्च गुणस्तरीय विकासलाई प्रवर्द्धनमा ध्यान केन्द्रित गर्नुपर्छ, सामाजिक सद्भाव र स्थिरता कायम राख्नुपर्छ र १५ औं पञ्चवर्षीय योजनाको राम्रो सुरुवात हासिल गर्न प्रयासरत पार्टीको व्यापक र कडा शासनलाई निरन्तर अगाडि बढाउनुपर्छ।

चिनियाँ संस्कृतिमा घोडाशक्ति, लचिलोपन र दृढताको प्रतीक हो। राष्ट्राध्यक्ष सीले देशभरका सबै जातीय समूहका मानिसहरू पार्टी केन्द्रीय समिति वरिपरि अझ नजिकबाट एकताबद्ध हुने, विजयमा आफ्नो विश्वास बलियो बनाउने, चिनियाँ शैलीको आधुनिकीकरणको नयाँ यात्रामा अगाडि बढ्ने र संयुक्त रूपमा राम्रो भविष्य सिर्जना गर्ने आशा व्यक्त गर्नुभएको छ।

**केन्द्रीय नेतागणद्वारा भेट्घाट कमरेडहरूसँग भेट**

त्यस्तै वसन्त चाड नजिकिँदै गर्दा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, जन गणतन्त्र चीनका राष्ट्राध्यक्ष एवम केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङले अन्य पार्टी र राज्य नेतागणसँग मिलेर हु चिनथाउ, चु रुङची, ली ख्हइआन र वन जियाबाओ लगायतका भेट्घाट कमरेडहरूलाई भेट्नुभयो वा सम्बन्धित अधिकारीहरूलाई भेट्न खटाउनुभयो। उहाँहरूले हार्दिक शुभकामना व्यक्त गरेर वसन्त पर्वमा सुस्वास्थ्यको कामना गर्नुभयो।

भेट्घाट कमरेडहरूले कृतज्ञता व्यक्त गर्नुभयो र महासचिव सी चिनफिङलाई चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको केन्द्र र सम्पूर्ण पार्टीको केन्द्रको रूपमा पूर्ण हृदयले समर्थन गर्ने व्यक्त गर्नुभयो। उहाँहरूले विगत एक वर्षमा पार्टी र देशले विभिन्न कार्यहरूमा हासिल गरेका उल्लेखनीय उपलब्धिको उच्च प्रशंसा गर्नुभयो। उहाँहरूको सर्वसम्मति छ कि १४ औं पञ्चवर्षीय योजनाको अन्तिम वर्षमा, सी चिनफिङको केन्द्रमा रहेको चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिले सम्पूर्ण पार्टी, सम्पूर्ण सेना र देशभरका सबै जातीय समूहका जनतालाई एकताबद्ध र नेतृत्व गरी कठिनाइ पार गरेको छ र कडा परिश्रम गरेको छ, आर्थिक तथा सामाजिक विकासको मुख्य लक्ष्य र कार्य सफलतापूर्वक पूरा गरेको छ र चिनियाँ शैलीको आधुनिकीकरणतर्फ नयाँ र ठोस कदम चालेको छ। अनुभवी कमरेडहरूले आशा गर्नुभयो कि सम्पूर्ण पार्टी, सम्पूर्ण सेना र देशभरका सबै जातीय समूहका जनता कमरेड सी चिनफिङको केन्द्रमा रहेको चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको वरिपरि अझ नजिकबाट एकताबद्ध हुनेछन्, नयाँ युगका लागि चिनियाँ विशेषतायुक्त समाजवादमा सी चिनफिङ विचारधाराको मार्गदर्शन पालना गर्नेछन् र चिनियाँ शैलीको आधुनिकीकरणमार्फत बलियो देशको निर्माण र चिनियाँ राष्ट्रको महान् पुनरुत्थानलाई व्यापक रूपमा अगाडि बढाउन निरन्तर नयाँ परिस्थिति सिर्जना गर्नेछन्।

## विश्व सङ्क्षेप

### सी चिनफिङद्वारा ३९औँ अफ्रिकी सङ्घ शिखर सम्मेलनलाई बधाई सन्देश

पेइचिङ, ३ फागुन (सीआरआइ)। फेब्रुअरी १४ तारिख चीनका राष्ट्राध्यक्ष सी चिनफिङले अफ्रिकी सङ्घका आलोपालो अध्यक्ष एवम् अङ्गोलाका राष्ट्रपति जोआओ लोरेन्को र अफ्रिकी सङ्घ आयोगका अध्यक्ष युसेफलाई बधाई सन्देश पठाउनुभएर ३९ औँ अफ्रिकी सङ्घ शिखर सम्मेलनको आयोजनामा रुअफ्रिकी देशहरू र जनतालाई न्यानो बधाई दिनुभएको छ।

सी चिनफिङले जोड दिनुभयो कि जटिल र अस्थिर अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्दै चीन विश्व शान्तिको रक्षा गर्न, साझा विकासलाई प्रवर्द्धन गर्न र मानवजातिको लागि साझा भविष्य भएको समुदाय निर्माण गर्न दृढतापूर्वक प्रतिबद्ध छ। सन् २०२६ मे १ तारिखदेखि चीनले ५३ अफ्रिकी देशमा शून्य-भन्सार उपाय पूर्ण रूपमा लागू गर्नेछ जससँग यसको कूटनीतिक सम्बन्ध छ, जबकि साझा विकासको लागि आर्थिक साझेदारीमा सम्झौतामा हस्ताक्षरलाई प्रवर्द्धन गर्न जारी राख्नेछ, र "हरित च्यानल" र अन्य उपाय स्तरोन्नति गरेर चीनमा अफ्रिकी उत्पादनको पहुँचलाई थप विस्तार गर्नेछ। यो उच्च-स्तरीय खुलापन विस्तार गर्न चीनको नयाँ कदम हो, जसले निस्सन्देह अफ्रिकी विकास र चीन र अफ्रिकाद्वारा आधुनिकीकरणको संयुक्त प्रयासको लागि नयाँ अवसरहरू प्रदान गर्नेछ।

### इरान र अमेरिकाबिच आणविक वार्ता पुनः सुरु हुने

जेनेभा, ३ फागुन (एपी)। इरान र संयुक्त राज्य अमेरिकाबिच इरानको आणविक कार्यक्रमसम्बन्धी वार्ता फेरि सुरु हुने भएको छ। स्विट्जरल्यान्डका अधिकारीहरूले वार्ता जेनेभा शहरमा हुने तयारी गरिएको जानकारी दिएका छन्। यसअघि पहिलो चरणको वार्ता अप्रत्यक्ष रूपमा ओमानको मध्यस्थतामा सम्पन्न भएको थियो। उक्त वार्ता इरानको आणविक गतिविधिलाई लिएर अमेरिका र अन्तर्राष्ट्रिय समुदायबिच उत्पन्न असहमति समाधान गर्ने उद्देश्यले आयोजना गरिएको हो।

संयुक्त राज्य अमेरिकाले बारम्बार चेतावनी दिँदै इरानको आणविक कार्यक्रम पारदर्शी र सीमित हुनु आवश्यक आएको छ। यदि वार्ता असफल भयो भने त्यसले गम्भीर परिणाम निम्त्याउन सक्छ। अर्कोतिर, इरानले आफ्नो कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागि मात्र रहेको दाबी गर्दै आएको छ। इरानी अधिकारीहरूले यसलाई ऊर्जा आवश्यकताका लागि र वैज्ञानिक अनुसन्धानका लागि प्रयोग भइरहेको बताएका छन्। पछिल्ला वर्षहरूमा इरान र इजरायलबिच बढेको तनावले वार्ताको वातावरणलाई अझ जटिल बनाएको छ। यी दुई राष्ट्रबिच राजनीतिक र सुरक्षा सम्बन्धमा बढ्दो तनावले क्षेत्रीय अस्थिरता बढाएको छ।

यस विषयमा अन्य क्षेत्रीय राष्ट्र र प्रभावशाली राष्ट्रहरूले पनि नजिकबाट ध्यान दिइरहेका छन्। वार्ता सफल भएमा यसले क्षेत्रीय सुरक्षा र अन्तर्राष्ट्रिय स्थायित्वमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। यसले इरानको आणविक कार्यक्रम सीमित गर्ने, शान्तिपूर्ण प्रयोग सुनिश्चित गर्ने र क्षेत्रीय तनाव घटाउने अवसर प्रदान गर्न सक्छ।

# एपस्टिन मुद्दामा अमेरिकाको पाखण्ड प्रदर्शन

पेइचिङ, ३ फागुन (सीआरआई)। एपस्टिन मुद्दाका फाइलहरूको निरन्तर पर्दाफासले अमेरिकाको स्वघोषित "न्यायिक स्वतन्त्रता", "सबैका लागि समानता" र "मानव अधिकार सर्वोच्चता" पछाडिको पाखण्डको पर्दा च्यातिदिएको छ। असङ्ख्य राजनीतिक र व्यावसायिक अभिजात वर्ग संलग्न यो जघन्य काण्ड शक्ति र पुँजीबिचको साँठगाँठ र अमेरिकी पुँजीवादी प्रणाली अन्तर्गत विशेषाधिकारद्वारा निष्पक्षताको कुचलनको अपरिहार्य उत्पादन हो। जब शक्तिशालीको दुष्ट कार्य स्पष्ट रूपमा पर्दाफास हुन्छन् तर तिनीहरू न्यायिक प्रणालीबाट सुरक्षित रूपमा उम्कन सक्छन्, अमेरिकी राजनीति र न्यायपालिकाको गहिरो पाखण्ड विश्वव्यापी परिप्रेक्ष्य अगाडि उजागर भएको छ।

न्यायपालिकालाई सामाजिक निष्पक्षता र न्यायका लागि अन्तिम रक्षा रेखा मानिन्छ, तर अमेरिकामा विशेषाधिकार प्राप्त वर्गका लागि यो रक्षा रेखा लामो समयदेखि गोप्यतामा ढाकिएको छ। धेरै वर्षदेखि एपस्टिनले मानवताविरुद्ध गरेको अपराधको प्रमाण अकाट्य छ, र अमेरिकी समाजका विभिन्न क्षेत्रमा फैलिएका राजनीतिक र व्यावसायिक व्यक्तित्वहरू संलग्न छन्, तर एउटा पनि औपचारिक रूपमा अनुसन्धान गरिएको छैन। मुद्दा-सम्बन्धित कागजातहरू लामो समयदेखि अदालतले छाप लगाएका छन्, र सीमित रिलीज गर्दा पनि, शक्तिशालीहरूसँग सम्बन्धित महत्त्वपूर्ण विवरणसहित मुख्य जानकारी जानाजानी सम्पादन गरिन्छ। अमेरिकी राजनीतिक वैज्ञानिक इयान ब्रेमरले जीरो मिडियामा स्पष्ट रूपमा भन्नुभयो कि अमेरिकी न्यायिक प्रणालीको दोहोरो मापदण्ड गहिरो रूपमा जरा गाडेको छ। शक्तिशालीहरू सधैँ आफ्नो स्रोतमार्फत सजायबाट बच्न सक्छन्। "दोहोरो मापदण्ड" अन्त्य गर्ने ट्रम्पको वाचा साकार असफल मात्र भएको छैन, भनै तीव्र भएको छ, विशेषाधिकारको सामनामा कानुनको शासनलाई अर्थहीन बनाएको छ। साधारण नागरिक समान अपराधका लागि जेलमा पर्नेछन्, जबकि अभिजात वर्ग आफ्नो हैसियत र सम्पत्तिको कारण भाग्न सक्छन्। यस्तो न्यायिक प्रणाली विशेषाधिकार प्राप्त वर्गका लागि "सुरक्षा छाता" भन्दा बढी केही होइन।

अमेरिकी राजनीतिको भ्रष्टाचार पुँजी र शक्तिबिचको गहिरो साँठगाँठमा निहित छ, जसले साधारण मानिसको हितलाई निल्ने "डार्क वेब" बुन्छ। एपस्टिनले यति विशाल आपराधिक सञ्जाल निर्माण गर्न र दशकौंसम्म यसलाई कायम राख्न सक्षम हुनुको कारण यो हो कि उनले पुँजीलाई बन्धनको रूपमा प्रयोग गर्दै राजनीतिक र व्यावसायिक अभिजात वर्गसँग स्वार्थको समुदाय गठन गरे, अर्थात पुँजीले शक्तिका लागि बाटो खोल्यो र शक्तिले पुँजीका लागि आपराधिक सुरक्षा प्रदान गर्‍यो। गरिब नाबालिगहरू यस शक्ति-पैसा लेनदेनको सबैभन्दा निर्दोष पीडित बने। अल्जेरियन विद्वान खालेद शेब्लीले फेब्रुअरी १० का दिन चाइना डेलीमा प्रकाशित एक लेखमा औँल्याउनुभयो कि एपस्टिन मुद्दाले अमेरिकामा पैसा र शक्तिले कसरी कानुनी प्रणालीलाई कमजोर बनाउँछ, न्यायपालिकालाई अधिकारको सट्टा विशेषाधिकारमा परिणत गर्छ भनेर प्रकट गर्दछ। शक्तिशालीहरू न्यायिक प्रक्रिया हेरफेर गरेर बच्छन्, जबकि पीडितहरू अनन्त दबाब र अन्यायको सामना गर्छन्, जुन अमेरिकी कानुन प्रवर्तन र नैतिकताको पूर्ण पतन हो।

फेब्रुअरी ७ का दिन बेलायती पत्रिका "द गार्जियन" मा प्रकाशित एउटा लेखले अझ अगाडि बढेर यस विषयको सारलाई औँल्याएको छ: अमेरिकी अभिजात वर्गसँग आफ्नै नियमहरू छन्, जसमा हैसियत, सम्पत्ति र सम्बन्ध उनीहरूको "सुरक्षा ढाल" को रूपमा काम गर्छन्, र कानुन र नियमहरूले सबैलाई समान व्यवहार गर्दैनन्। यी फाइलहरूले स्पष्ट रूपमा शक्तिशाली राजनीतिक र व्यावसायिक व्यक्तित्व मिलेर बनेको सम्बन्धको अनौपचारिक सञ्जाल प्रकट गर्दछ जसले एकअर्कालाई सुरक्षा दिन्छन्, केहीलाई लामो समयसम्म कानुन र नैतिकताको किनारमा काम गर्न अनुमति दिन्छन्, यो नै पश्चिमी समाजमा लामो समयदेखि सहन गरिएको संरचनात्मक वास्तविकता हो। वर्गबिचको शक्तिको असन्तुलनले विशेषाधिकारको सामना गर्दा साधारण नागरिकबाट निष्पक्षता र न्यायको मागलाई पूर्ण रूपमा बेकार बनाउँछ।

विडम्बनाको कुरा के छ भने, विश्वव्यापी आक्रोश फैलाउने यो मानव अधिकार काण्ड अमेरिका भित्र पक्षपातपूर्ण राजनीतिका लागि एक उपकरण बनेको छ। डेमोक्र्याट र रिपब्लिकनले यस मुद्दामा एकअर्कामाथि आक्रमण गरेका छन्, पीडितका लागि न्याय खोज्ने वा जिम्मेवारलाई जवाफदेही बनाउने कुरामा केन्द्रित छैनन्, बरु राजनीतिक लाभका लागि एकअर्कालाई कलङ्क लगाउने कुरामा केन्द्रित छन्। यसले अनुसन्धानलाई मात्र रोकेको छैन तर अमेरिकी समाज भित्रको विभाजनलाई अझ बढाएको छ। "मानव अधिकारको संरक्षक" भएकोमा गर्व गर्ने अमेरिकाले बारम्बार अन्य देशको मामिलामा हस्तक्षेप गर्न मानव अधिकारको लौरो प्रयोग गर्छ, तर आफ्नै मानव अधिकार उल्लङ्घनप्रति अन्धो रहन्छ। खालेद शेब्लीले यसको आलोचना गर्दै भन्नुभयो कि मानव अधिकारवादी नेता भएको दाबी गर्ने पश्चिमा देशहरू अभिजात वर्गद्वारा गरिने कानुनी उल्लङ्घनको सामना गर्न हिचकिचाउँछन् र आवश्यकता तथा मागअनुसार लागू गर्छन्, र यो दोहोरो मापदण्डले अन्तर्राष्ट्रिय समुदायमा उनीहरूको मानव अधिकार प्रवचनको विश्वसनीयतालाई पूर्ण रूपमा ध्वस्त पारेको छ।

एपस्टिन मुद्दा कहिल्यै पनि पृथक काण्ड थिएन, बरु अमेरिकी पुँजीवादी प्रणालीभित्र प्रणालीगत रोगको केन्द्रित प्रकोप थियो। जब न्यायपालिका विशेषाधिकारको परिशिष्ट बन्छ, राजनीति पुँजीद्वारा अपहरण गरिन्छ र मानव अधिकार विदेशी हस्तक्षेपका लागि बयानबाजी बन्छ, अमेरिकाले दाबी गर्ने सबै मूल्यहरू हावामा महल बन्छन्। विशेषाधिकारको नरभक्षी वास्तविकताको सामना गर्नुपर्दा तथाकथित अमेरिकी सपना लामो समयदेखि सामान्य मानिसका लागि हावादारी सपना बनेको छ र यसको स्व-घोषित "मानव अधिकारको प्रकाशस्तम्भ" प्रणालीको क्षय र दोहोरो मापदण्डले लामो समयदेखि निभाएको छ।

# सुडानको डारफरमा मानव अधिकारको गम्भीर उल्लङ्घन

कायरो, ३ फागुन (एपी)। सुडानको पश्चिमी प्रान्त डारफरको राजधानी फासेरमा सरकारी सुरक्षा समूहले सहर कब्जा गरेपछि भएको हिंसात्मक आक्रमणमा कम्तीमा छ हजारभन्दा बढी मानिसको हत्या भएको छ। संयुक्त राष्ट्रसङ्घको मानवअधिकार कार्यालयले जारी गरेको प्रतिवेदनअनुसार तीन दिनभित्रै भएको उक्त आक्रमणमा सडकमा गोली हान्ने, समूहद्वारा कुटपिट, अपहरण, बलात्कार र अन्य अमानवीय क्रियाकलाप समावेश थिए।

सहरभित्र सामान्य नागरिक, महिला र बालबालिकासमेत मारिएका छन्। शरणस्थल, विद्यालय, अस्पताल र विश्वविद्यालय परिसरहरू आक्रमणको केन्द्र बनेका थिए। हजारौं मानिस भाग्ने क्रममा मारिएका तथा घाइते भएका थिए। प्रतिवेदनले यस आक्रमणलाई विशेष जातीय समूहहरूलाई लक्षित गरेर गरिएको सामूहिक हत्या र अत्याचारका रूपमा वर्णन गरेको छ।

हिंसात्मक गतिविधिहरूमा नागरिकलाई सडकमा गोली हान्ने, घर र संरचना नष्ट गर्ने, बलात्कार, जबरजस्ती नजरबन्द, यातना, अपहरण र शारीरिक हिंसा समावेश थिए। अस्पतालमा रहेका बिरामी, सुत्केरी महिलाहरू र स्वास्थ्यकर्मीहरू पनि आक्रमणको शिकार बनेका थिए। विश्वविद्यालय र छात्रावासमा पनि ठूलो सङ्ख्यामा सामान्य नागरिक मारिएका थिए।

संयुक्त राष्ट्रसङ्घले यस घटनालाई युद्ध अपराध र मानवता विरुद्धको अपराधको रूपमा मान्नुपर्ने चेतावनी दिएको छ। यस घटनामा संलग्न उच्च कमाण्डर र जिम्मेवार व्यक्तिहरूलाई कारबाही गर्न आवश्यक रहेको उल्लेख गरिएको छ।

यो नरसंहार सुडानमा जारी गृहयुद्धको हिस्सा मानिन्छ, जसले लाखौं मानिसलाई विस्थापित बनाएको, खाद्य अभाव र स्वास्थ्य सङ्कट निम्त्याएको र जनजीवनलाई अत्यन्त भयावह बनाएको छ। यसले सुडान र डारफर प्रान्तमा सुरक्षा, स्थायित्व र मानवअधिकारको स्थितिलाई गम्भीर चुनौती दिएको छ।

विशेषगरी डारफर प्रान्तमा नागरिकहरूको जीवन जोखिममा परेको, स्वास्थ्य र खाद्य सेवामा सङ्कट उत्पन्न भएको र अन्तर्राष्ट्रिय समुदायको ध्यान आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ। संयुक्त राष्ट्रसङ्घले घटनाका जिम्मेवार व्यक्तिहरूमाथि कारबाही गर्न, हिंसामा संलग्न कमाण्डरलाई जिम्मेवार बनाउन र पीडित समुदायलाई राहत तथा सुरक्षा सुनिश्चित गर्न आह्वान गरेको छ।

# विस्थापन र अतिक्रमणबिचको दबाबमा वन संरक्षण

इन्द्राकुमारी केसी

घोडाघोडी (कैलाली)। कैलालीको चुरे गाउँपालिका-४ पनेरुगडास्थित जङ्गलको बिच भागमा विश्नदेवी महराको परिवार पाँच वर्षदेखि पालमुनी आश्रय लिएर बस्दै आएको छ। विसं २०७७ मा चुरे गाउँपालिका-४ कै गौजनामा आएको पहिरोले उहाँको १६ रोपनी जमिनसहित घर र खेत बगाएपछि विश्नादेवीको परिवार विस्थापित हुनुपर्‍यो।

विस्थापित भएपछि उहाँको परिवार जङ्गलमा आएर बस्यो। त्यहाँबाट वन कार्यालयले हटाएपछि केही समय गौशालामा बस्नुपरेको र त्यहाँबाट पनि हटाइएपछि फेरि यही पनेरुगडाकै जङ्गलमा फर्किएर बस्न बाध्य भएको विश्नादेवी बताउनुहुन्छ। "घर नै नभएपछि जङ्गलमै बस्नुपर्ने बाध्यता आयो," उहाँ भन्नुहुन्छ।

छोरी ठुलो भइसकेकाले जङ्गलमा बस्न असुरक्षित महसुस भएपछि उहाँले छोरीलाई आफन्तकहाँ राखेर पढाइरहनुभएको छ। दुई छोरासँगै जङ्गलमै बसिरहेकी विश्नादेवीका श्रीमान् रोजगारीका लागि भारतमा हुनुहुन्छ। आफू भने मजदुरी गरेर परिवारको जीविकोपार्जन गर्दै आएको उहाँ बताउनुहुन्छ।

भाडामा बस्ने क्षमता नभएको र जङ्गलमै बस्दा बच्चाहरूको भविष्य जोखिममा पर्ने चिन्ता उहाँलाई छ। उहाँ भन्नुहुन्छ, "यहाँ बाघ र जङ्गली जनावरको डर छ। सामुदायिक वन समूहले यहाँबाट अन्तै जान पनि भन्छ। रहर कसलाई हुन्छ र ज्यान जोखिममा पारेर बस्न, तर जाने ठाउँ कतै छैन। बरु मारुन्, कतै जान्नँ।"

विश्नदेवी जस्तै कमला रोका मगरको परिवार पनि २०७७ सालदेखि यही पनेरुगडाकै जङ्गलमा पालमुनि जीवन बिताइरहेको छ। हावाहुरी चल्दा रूख ढल्छ कि भन्ने त्रास राति जङ्गली जनावर आइपुग्छन् कि भन्ने ज्यानकै डरबिच दिन काट्नु उहाँको दैनिकी बनेको छ। कमला भन्नुहुन्छ, "उठेर जान पनि भन्छन्। तर, जाने ठाउँ छैन। राम्रो घरमा बस्ने मन हाम्रो पनि छ, तर कहाँ जाने।"

यसै क्षेत्रमा चुरे गाउँपालिका-६ का डबल बहादुर कार्की पनि पालमुनि बस्दै आउनुभएको छ। उहाँका अनुसार सुरुमा यहाँ धेरै विस्थापित परिवार थिए। उहाँ भन्नुहुन्छ, "कतिपय रोजगारीका लागि भारत गए, केही पहिरो गएको आफ्नै ठाउँतिर फर्किएर बसे। हाम्रो त केही पनि छैन कहाँ जानु यहीं बसिरहेका छौँ।" पालिकाले हाल यहीं बस्न भनेको भए पनि सुरक्षित र स्थायी बसोबासको कुनै सुनिश्चितता नभएको उहाँको गुनासो छ।

पनेरुगडा क्षेत्रमा मात्रै यस्ता २५ भन्दा बढी परिवार पाल टाँगेर बसिरहेका छन्। चुरे गाउँपालिका-४ का वडाध्यक्ष चन्द्रबहादुर लामिछाने मगरका अनुसार २०७७ सालको बाढी-पहिरो र अन्य दैवी प्रकोपका कारण विस्थापित ११६ परिवार पनेरुगडा, टाँकगडा, बालुवागडा चुरे-१ को खामाहाले र खानीडाँडालगायत क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्दै आएका छन्। सुरुमा घरबारविहीन भन्दै करिब सात सय परिवार वन क्षेत्रमा बसेको देखिए पनि गाउँपालिकाको छानविनपछि ११६ परिवार मात्रै पूर्ण रूपमा घरबारविहीन पाइएका थिए।

वन कार्यालयले २०७९ सालमा अतिक्रमण भन्दै धेरैलाई हटाए पनि वास्तविक पीडित भने अझै जङ्गलमै बस्न बाध्य छन्। वडाध्यक्ष लामिछाने मगर भन्नुहुन्छ, "विस्थापितहरूको समस्या गम्भीर छ। तर, स्थानीय तहसँग उनीहरूलाई तत्काल व्यवस्थापन गर्ने आफ्नै जमिन छैन। वन कार्यालयले हटाउन खोज्छ, तर उनीहरूको जाने ठाउँ छैन। यही कारण उनीहरू जोखिमपूर्ण अवस्थामा बस्न बाध्य छन्।"

यहाँ बस्ने बालबालिकाहरूको विद्यालय जान पनि चुनौतीपूर्ण छ। यहाँका बालबालिका गौरीगङ्गा नगरपालिका-३ मा रहेको शिव नमुना आधारभूत विद्यालयमा पढ्न जान्छन्। दीपेन्द्र महरा कक्षा ६ मा पढ्नुहुन्छ। दीपेन्द्र भन्नुहुन्छ, "वर्षाको समयमा बाढी आएपछि विद्यालय जाँदैनौं।" रमेशबहादुर महरा पनि कक्षा ७ मा पढ्नुहुन्छ। बिहानको समयमा स्कूल लाग्दा अभिभावकहरू आधा बाटोसम्म पुर्‍याउन जानुपरेको उहाँको भनाइ छ।



**बढ्दै वन अतिक्रमण**

पहिरो, बाढी र अन्य दैवी प्रकोपबाट विस्थापित यी परिवारका लागि जङ्गल अतिक्रमण कुनै पनि हालतमा रोजाइ होइन, बाध्यता हो तर वन अतिक्रमणको समस्या यतिमा सीमित छैन। विस्थापनको नाममा मात्रै होइन, विभिन्न बहानामा कैलाली र कञ्चनपुरका वन क्षेत्रहरू अतिक्रमणको चपेटामा परिरहेका छन्। कैलालीको बसन्ता कोरिडोर, अत्तरिया, चिसापानी र कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज वरपरका क्षेत्र पछिल्ला वर्षहरूमा तीव्र अतिक्रमणको चपेटामा परेका उदाहरण हुन्।

महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन (२०८२) अनुसार देशभर करिब एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये ३८ प्रतिशतभन्दा बढी अतिक्रमण कैलाली जिल्लामा मात्रै देखिन्छ। वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०७५) को तथ्याङ्कअनुसार कैलालीको कुल क्षेत्रफल तीन लाख २८ हजार ७६ हेक्टर रहेको छ। यसमध्ये झन्डै दुईतिहाइ अर्थात् दुई लाख ५७३ हेक्टर वन क्षेत्रले ओगटेको छ। तर, पछिल्ला आठ वर्षमा मात्रै करिब १७ हजार हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको सरकारी तथ्याङ्कले देखाउँछ।

'हाम्रो वन' प्रतिवेदन (२०७५) अनुसार कैलालीमा २१ हजार ४०४ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको थियो। हाल महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले यो आँकडा बढेर ३८ हजार ४० हेक्टर पुगेको उल्लेख गरेको छ। कैलालीसँगै डडेलधुरा र कञ्चनपुर पनि धेरै वन क्षेत्र अतिक्रमणमा परेको जिल्लामा पर्छन्। डडेलधुरामा हालसम्म १५ हजार १२० हेक्टर र कञ्चनपुरमा नौ हजार ८५९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क छ।

विभिन्न सामुदायिक वनहरू अतिक्रमणको चपेटामा परिरहेका छन्। अतिक्रमण हटाउने प्रयास नगरेको पनि होइन। अतिक्रमण हटाए पनि पुन: अतिक्रमण हुने गरेको बर्दगोरीया गाउँपालिका-६ स्थित मद्रेनीया सामुदायिक वनका अध्यक्ष हरिराम डगौरा बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "सामुदायिक वनको तीन बिगाहा जमिन अतिक्रमणमा छ। स्थानीयले अतिक्रमण गरेर लगाएको बाली अघिल्लोपटक हामीले काटेर अतिक्रमित जमिन खाली गराएका थियौं तर पुन: अतिक्रमण भइसकेको छ। हामी पटक-पटक प्रयास गर्छौं, सचेत गराउँछौं, तर स्थानीयहरूले फेरि अतिक्रमण गर्न छाड्दैनन्।" उहाँका अनुसार, यस्तो दोहोरिने अतिक्रमणले सामुदायिक वन व्यवस्थापनमा चुनौती थपेको छ र वन संरक्षणका प्रयासलाई निरन्तरता दिन कठिन बनाएको छ।

कैलारी गाउँपालिका-२ स्थित जनहित सामुदायिक वनका अध्यक्ष वेदप्रसाद चौधरीका अनुसार बस्ती नजिकका वन क्षेत्रमा स्थानीयले जमिन विस्तार गर्दै गाईबस्तु बाँध्ने, दाउरा र पराल राख्ने, केरा लगाउने, छाप्रा बनाउनेजस्ता गतिविधि बढ्दा अतिक्रमण फैलिएको छ। उहाँ भन्नुहुन्छ, "हाम्रो वनमा पनि अतिक्रमण भएको थियो। समुदायको सक्रियतामा हटायौं।" यसले देखाउँछ - सचेतना र स्थानीय सहभागिता भए अतिक्रमण नियन्त्रण सम्भव छ, तर त्यो सर्वत्र लागू हुन सकेको छैन।

**नीति, राजनीति र कार्यान्वयनबिच अल्झिएको वन संरक्षण**

जनसङ्ख्या वृद्धि, पहाडबाट तराई झर्ने प्रवृत्ति, बढ्दो गरिबी र रोजगारीको अभाव वन अतिक्रमणका कारण भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजन वन अधिकृत जनक पाध्या बताउनुहुन्छ। उहाँका अनुसार व्यक्तिगत लाभका लागि तथा मुक्त कमैया, सुकुम्वासी र बाढीपीडितको नाममा वनक्षेत्र कब्जा गर्ने चलन व्यापक बन्दै गएको छ। पाध्या भन्नुहुन्छ, "भू-माफियाले कृत्रिम सुकुम्बासी सिर्जना गरी अतिक्रमण बढाइरहेका छन्। कानुन त छ, तर कार्यान्वयन कमजोर छ। राजनीतिक दबाब ठुलो चुनौती हो।"

भोट बैङ्कको राजनीति र दलगत स्वार्थले अतिक्रमण नियन्त्रणमा समस्या हुने गरेको उहाँको भनाइ छ। व्यक्तिगत अतिक्रमण मात्र होइन, सरकारी बजेटबाट निर्माण हुने सडक, खानेपानी, मठ-मन्दिर, विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय, खेलमैदान र विभिन्न सङ्घसंस्थाका भवनसमेत प्राय: वन क्षेत्रमै निर्माण भइरहेकाले अतिक्रमणलाई थप बल पुगेको पाध्या बताउनुहुन्छ।

वन अतिक्रमण बढ्दै जाँदा वन क्षेत्र खण्डित हुँदै गइरहेको छ। त्यसको प्रत्यक्ष प्रभाव वन्यजन्तुको बासस्थानमा परेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ डिभिजनल वन अधिकृत रामविचारी ठाकुर बताउनुहुन्छ। उहाँले भन्नुभयो, "वन क्षेत्र खण्डित भएपछि वन्यजन्तुको बासस्थान नष्ट हुँदै गएको छ र यस क्रममा मानव-वन्यजन्तु द्वन्द्व पनि बढिरहेको छ। यदि यस्तै अवस्था निरन्तर रह्यो भने बिस्तारै वन्यजन्तु लोप हुने सम्भावना पनि छ।"

वन अतिक्रमण नियन्त्रणका लागि सबैभन्दा पहिला जनचेतना जगाउनु नै मुख्य आवश्यकता हो। साथै, निगरानी गर्ने निकायहरूले कडा नीति र प्रभावकारी कारबाही अपनाउनुपर्ने उहाँले जोड दिनुभयो। वन अतिक्रमण केवल व्यक्तिगत समस्या नभई सङ्गठित अपराधको रूप रहेको सुदूरपश्चिम प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज विष्ट बताउनुहुन्छ।

स्थानीय तहले पनि कहिलेकाहीँ वन अतिक्रमण गरेर संरचना निर्माण गरिरहेको देखिन्छ। "स्थानीय तह प्रत्यक्ष रूपमा समुदायसँग जोडिने सरकारको निकाय भएकाले वन अतिक्रमण रोक्न उपयुक्त भूमिका निर्वाह गर्न आवश्यक रहेको विष्ट बताउनुहुन्छ। स्थानीय तहसँग समन्वय गर्न जरुरी छ, तर अहिले जति सहयोग गर्नु पर्ने हो, त्यति पर्याप्त हुँदै आएको छैन," निर्देशक विष्टले बताउनुभयो। विष्ट भन्नुहुन्छ, "अहिलेको मात्रै होइन दशकौँदेखिको वन अतिक्रमण हो सम्बन्धित निकायको कमी कमजोरीका कारण कानुन हुँदाहुँदै पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।"

वन अतिक्रमणको दर बढ्दै जाँदा नियन्त्रणका लागि वन कार्यालयहरूले विभिन्न प्रयास गरिरहेका छन्। सुदूरपश्चिम प्रदेश वन निर्देशनालय र जिल्लास्थित डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूले सचेतना कार्यक्रम, सरोकारवाला निकायसँग समन्वय बैठक, संयुक्त अनुगमन र अतिक्रमित क्षेत्र खाली गराउने काम सञ्चालन गर्दै आएका छन्। अघिल्लो आर्थिक वर्षमा मात्रै कैलाली जिल्लामा १३५ हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त गरिएको तथ्याङ्क छ। गएको साउन महिनामा गौरीगङ्गा नगरपालिका-११ स्थित सरस्वती सामुदायिक वनको ३.९ हेक्टर अतिक्रमित क्षेत्र खाली गराई तारबार र वृक्षारोपण गरिएको थियो।

डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत जीवक्ष यादवका अनुसार अतिक्रमण भएको ठाउँ खाली गराएर तारबार वा ट्रेन्च निर्माण गर्ने र खाली गराइएको क्षेत्रमा वृक्षारोपण गर्ने काम नियमित भइरहेको छ। उहाँ भन्नुहुन्छ, "पुरानो अतिक्रमण हटाउन समस्या छ। तर, नयाँ अतिक्रमण तुरुन्तै हटाउने प्रयास गरिरहेका छौं।"

सरकारले वन क्षेत्रमा बढ्दो मानवीय चाप र अतिक्रमण रोक्न तथा अतिक्रमित भूमिलाई पुन: वनकै रूपमा कायम गर्न 'वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८' लागू गरेको छ। यस रणनीतिले मुलुकको ४० प्रतिशत भूभाग वनले ढाक्ने राष्ट्रिय लक्ष्यलाई टेवा पुर्‍याउने उद्देश्य राखेको छ। भूमिहीन, सुकुम्बासी, बाढीपीडित, आरक्षपीडित र मुक्त कमैयाबाट भएको अतिक्रमणलाई विशेष प्राथमिकतामा राख्दै उनीहरूलाई वनको जग्गा स्वामित्व नदिई वैकल्पिक बसोवास र जीविकोपार्जनको व्यवस्था गर्ने नीति लिइएको छ।

रणनीतिले अतिक्रमण हटाइएका क्षेत्रमा समूहगत व्यवस्थापन गरी कृषि वन प्रणालीअन्तर्गत कबुलियती वनका रूपमा प्रयोग गर्न दिने लचिलो व्यवस्था पनि गरेको छ। तर, कुनै पनि हालतमा वन क्षेत्र व्यक्तिगत वा संस्थागत नाममा दर्ता नगरिने स्पष्ट व्यवस्था छ। रणनीति कार्यान्वयनका लागि जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अतिक्रमण नियन्त्रण संयन्त्र गठन गर्ने, अतिक्रमण प्रोत्साहन गर्ने व्यक्ति वा सङ्घसंस्थालाई कालोसूचीमा राख्ने र सरकारी सुविधा रोक्ने जस्ता कडा प्रावधान पनि छन्।

यस्तै वन ऐन २०७६ ले राष्ट्रिय वन तथा संरक्षित क्षेत्रमा अतिक्रमणलाई गम्भीर अपराध मानेको छ। दफा ४९ अनुसार घर, टहरा, खेती, आवादी बसोबास वा वनको सिमाना परिवर्तनजस्ता अतिक्रमणजन्य कार्यमा पाँच वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। यद्यपि, नीति, रणनीति र कानुनको प्रावधान हुँदाहुँदै पनि विस्थापितको वैकल्पिक बसोबास सुनिश्चित नहुनु, राजनीतिक स्वार्थ हाबी हुनु र भूमाफियाको चलखेल रोक्न नसक्नुका कारण वन अतिक्रमणको जोखिम र दर वर्षेनी बढ्दै गएको छ। *रासस*

# छोरालाई पत्र : 'राजनीति–गुगलको रहर होइन, भूगोलको भोगाइ'

प्यारो छोरा,

शुभ आशीर्वाद!

तिम्रो एसएमएस अहिले भर्खरै पढेँ। परदेशमा बसेर देशको चुनावप्रति तिम्रो चासो देख्दा खुसी लाग्यो। तर छोरा, तिमीले मत परिवर्तनको जुन सल्लाह दियौ, त्यसबारे मलाई केही कुरा प्रस्ट पार्न मन लाग्यो। राजनीति भनेको केवल नयाँ अनुहार रोज्नु होइन, यो त सही विचार र इतिहास रोज्नु हो।

मैले किन नेपाल मजदुर किसान पार्टी (नेमकिपा) रोजेँ र किन अहिले पनि यसैमा अडिग छु, त्यसका केही कारणहरू छन्:

**१. नयाँ शक्ति र विदेशीको खेल**

छोरा, तिमीले 'नयाँ' भनेका शक्तिहरूको कुनै निश्चित सिद्धान्त, विचार वा दर्शन छैन। यी त केवल पुराना दलहरूको कार्यशैलीबाट उब्जेको वितृष्णाको परिणाम मात्र हुन्। स्पष्ट नीति नभएका यस्ता शक्तिहरू विदेशी शक्तिले आफ्नो अनुकूलताका लागि 'पुरानो घोडा थाकेपछि नयाँ घोडा फेरेको' जस्तै मात्र हुन्। विदेशीले आफ्नो स्वार्थ पूरा गर्न पुराना शक्तिहरू असफल भएपछि नयाँ पात्रहरूलाई अघि सारेका हुनसक्छन्। कुनै वैचारिक धरातल नभएका यस्ता पात्रहरूले देशको सार्वभौमिकता जोगाउन सक्दैनन्।

**२. नदीनाला र राष्ट्रघाती सन्धिको विरोध**

धेरै पटक सरकारमा गएका दलहरूले महाकाली सन्धि, सुस्ता-कालापानी अतिक्रमण र टनकपुर सम्झौताजस्ता असमान सन्धिहरू गरेर देशको जलविद्युत् र पानी विदेशीलाई सुम्पिए। तर, नेमकिपाले यी राष्ट्रघाती कदमको विरुद्ध सधैँ सडक र सदनबाट खबरदारी गरिरह्यो। सीमा मिचिँदा सिमानामै पुगेर प्रदर्शन गर्ने साहस केवल हामीसँग छ।

**३. आत्मनिर्भरता र भक्तपुर मोडेल**

हामीले सधैँ 'आफ्नो खुट्टामा आफैँ उभिनुपर्छ' भन्ने आत्मनिर्भर नीति अँगालेका छौँ। कसैको सर्तसहितको अनुदान कुरेर बसेनौँ। त्यही भएर आज भक्तपुरमा आफ्नै मिहिनेतले ख्वप कलेज, इन्जिनियरिङ कलेज र ख्वप अस्पताल बनेका छन्। हामी अझै पनि ख्वप विश्वविद्यालयको माग गर्दै छौँ ताकि शिक्षा र स्वास्थ्य पूर्णत: सेवामुखी होस्। राष्ट्रियता र संस्कृतिमा आँच आउने गरी आएका MCC/SPP जस्ता आर्थिक सहयोगलाई हामीले खुलेरै अस्वीकार गर्‍यौं।

**४. हाम्रो आन्दोलनको राप र ताप**

हामी पुराना कार्यकर्ताले सामन्तीहरूविरुद्ध बाली काट्ने आन्दोलन, कुतको रसिदका लागि भर्पाई प्राप्त गर्ने आन्दोलन र किसान ठग्नेहरूविरुद्ध साँढे धपाउने अन्यत्र कतै भेटिँदैन।

**५. अन्तर्राष्ट्रिय न्यायको पक्षधर**

हामी नेपालको मात्र होइन, विश्वभरका उत्पीडित जनताको पक्षमा छौँ। अमेरिकाले भेनेजुयलामा गरेको हस्तक्षेप होस्, भियतनाम युद्ध होस् वा अहिलेको रूस-युक्रेन र इजरायल-प्यालेस्टिन युद्ध–हामीले सधैँ साम्राज्यवादी थिचोमिचोको विरुद्ध र न्यायको पक्षमा आवाज उठाएका छौं।

छोरा,

राजनीति 'गुगलको रहर' मा होइन, 'भूगोलको भोगाइ' मा चल्छ। विदेशीको इसारामा चल्ने 'नयाँ घोडाहरू' भन्दा आफ्नै माटोमा पसिना बगाउने र सिद्धान्तमा अडिग रहने नेतृत्व नै देशका लागि आवश्यक छ। त्यसैले, मेरो मत देशको स्वाभिमान जोगाउने नेमकिपाकै लागि हुनेछ।

उही तिम्रो नेपाल आमा

नेपाल।

- सत्य सुवालबाट



***नेमकिपा...***

देशको सम्पत्ति जलाउने काम ठीक नभएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, “संरा अमेरिका बढी भ्रष्टाचार हुने देश हो । त्यहाँका मानिसहरू अन्धविश्वासी छन् । देशका व्यापक जनता अशिक्षित, असङ्गठित र अचेतित भएको हुँदा सही दलका उम्मेदवारलाई छान्न सकेनन् । समाज परिवर्तन गर्न समय लाग्छ ।”

नेमकिपाका सचिव प्रेम सुवालले सार्वजनिकीकरण गरिएको घोषणापत्रबारे जानकारी दिँदै पार्टीले स्थापनाकालदेखि किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन, न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्र एक जीवनपद्धति हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् ।”

“यो निर्वाचन पनि पुँजीवादी नै हो । पुँजीवादी पार्टीहरूले यो निर्वाचनमा पनि पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन् । यो निर्वाचनबाट पनि नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरूआत, सुशासन र लोकतन्त्रको जीत हुन्छ भन्ने भ्रममा नेपाली जनता पर्नु हुँदैन । निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुनेछ । यसपटक पनि नेमकिपाले संसदमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरी देश र जनताको नि:स्वार्थ सेवा गर्नेछ”, सचिव सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, “संसद्को मुख्य काम र केन्द्र ‘प्रधानमन्त्री’ होइन बरू आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो । संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउनेछ ।”

जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउन र आमा-बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालु राख्ने स्पष्ट पार्दै सचिव सुवालले भन्नुभयो, “नेमकिपाले देशको द्रुततर विकास गर्न २०४८ सालदेखि दुर्गम क्षेत्रहरूमा रोपवे ( रज्जुमार्ग), केबुल कार र सुरूङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गर्दै आएको हो ।”

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर सङ्घर्षरत रहने सचिव सुवालले स्पष्ट गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले नेपाली जनता हो हल्ला र आश्वासनको राजनीतिमा नलागी देश र जनताको पक्षमा सङ्घर्षरत दल र दलका उम्मेदवारलाई मतदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले मानव तस्कर, ठुलठुला भ्रष्टाचारी, अपराधीहरूलाई कडा कारबाही गर्नुपर्ने उल्लेख गर्दै कार्यक्रममा सहभागी सञ्चारकर्मी तथा जिल्ला जिल्लाबाट आएका कार्यकर्ता, प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्दै राजनीतिक र वैचारिक सङ्घर्ष चालू रहने बताउनुभयो ।

निर्वाचन पनि समाजवादी गणतन्त्र प्रचार अभियान रहेको उल्लेख गर्दै उहाँले हिमाल, पहाड र तराईका गाउँ र नगरको बस्ती बस्तीमा रहेका जनताले इमानदारी र नि:स्वार्थपूर्वक सेवा गर्ने दल र दलका उम्मेदवारलाई निर्वाचित गराउनुपर्नेमा जोड दिनुभयो ।

“निर्वाचनमा आश्वासनको पोको बाँड्ने होइन, व्यापक जनतालाई देश चिनाउनुपर्छ; नेमकिपा सदन र सडकमा देश र जनताको पक्षमा सङ्घर्षरत छ”, उहाँले भन्नुभयो ।

देशमा आर्थिक अनियमितता र लुट भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले देशभक्ति आन्दोलनको नेतृत्व गर्ने, भ्रष्टाचारविरोधी आन्दोलन छेड्ने, स्वतन्त्रता र सार्वभौमिकताको निम्ति लड्ने सच्चा कम्युनिस्ट नेमकिपालाई जनताले चिन्नुपर्ने आवश्यकता औल्याउँदै शासकहरूले इमानपूर्वक सेवा नगरेकै कारण देशमा सङ्कट आएको हो भन्नुभयो ।


## प्रजातन्त्रका आधारभूत पक्ष

❖संवैधानिक सर्वोच्चता।

❖बहुलवादको सम्मान।

❖विधिको शासन।

❖शक्ति पृथकीकरण।

❖आवधिक निर्वाचन।

❖मौलिक हक।

❖मानव अधिकार।

❖प्रेस तथा वाक स्वतन्त्रता।

❖सामाजिक न्याय तथा समावेशीकरण।

❖आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चीन–जर्मनी सम्बन्ध ‘नयाँ उचाइ’ तर्फ

म्युनिख, ३ फागुन (एएफपी) । युरोपेली सङ्घ (इयु) ले चीन र संयुक्त राज्य अमेरिका दुवैप्रति आफ्नो निर्भरता पुन:मूल्याङ्कन गरिरहेका बेला बेइजिङले जर्मनीसँगको सम्बन्धलाई ‘नयाँ स्तरमा’ पुऱ्याउने स्पष्ट सङ्केत दिएको छ । चीनका विदेशमन्त्री वाङ यीले जर्मन चान्सलर फ्रेडरिक मेर्जसँग भेटवार्ता गर्दै द्विपक्षीय रणनीतिक साझेदारीलाई थप सुदृढ बनाउन चीन इच्छुक रहेको बताउनुभएको छ ।

बेइजिङको विदेश मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार वाङले ‘सर्वाङ्गीण रणनीतिक साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउन’ जर्मनीसँग मिलेर काम गर्ने अपेक्षा व्यक्त गर्नुभयो । उहाँले बर्लिनको सहयोगमा उच्चस्तरीय आदान-प्रदानको अर्को चरणको तयारी गर्न चाहेको पनि स्पष्ट गर्नुभयो ।

चीनले आफूलाई इयुका लागि स्थिर र भरपर्दो साझेदारका रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेको सन्दर्भमा यो भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ । युरोपेली मुलुकहरू एकातिर चीनसँगको आर्थिक सम्बन्ध सन्तुलित बनाउन र अर्कातिर अप्रत्याशित अमेरिकी नीतिबाट दूरी कायम गर्न खोजिरहेका छन् ।

यद्यपि पछिल्ला वर्षहरूमा अनुचित व्यापार अभ्यास, संरक्षणवाद र बजार पहुँचसम्बन्धी विवादले दुई देशबीचको गहिरो आर्थिक सम्बन्धमा चिसोपन आएको छ । यसै सन्दर्भमा मेर्ज यही महिनामा चीनको औपचारिक भ्रमण गर्ने तयारीमा रहनुभएको बताइएको छ । भ्रमणका क्रममा विकसित व्यापारिक सम्बन्धलाई कसरी व्यवस्थापन गर्ने भन्ने प्रमुख मुद्दा रहने अपेक्षा गरिएको छ ।

वाङले जर्मनीलाई आफ्नो ‘रणनीतिक स्वायत्तता र आत्मनिर्भरता’ कायम राख्न प्रोत्साहन दिँदै चीन-युरोप सहकार्यमा जर्मनीले प्रेरक शक्ति बन्न सक्ने उल्लेख गर्नुभयो । साथै उहाँले जर्मनीलाई रणनीतिक सम्बन्धका लागि ‘विश्वसनीय सहारा’ को भूमिकामा देख्न चाहेको धारणा व्यक्त गर्नुभयो ।

यसअघि जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले डिसेम्बरमा बेइजिङ भ्रमण गरी वाङलगायत चिनियाँ अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको थियो । उक्त भेटमा उहाँले युक्रेनमा जारी रुसको युद्ध अन्त्य गर्न चीनले आफ्नो प्रभाव प्रयोग गर्नुपर्ने विषय उठाउनुभएको थियो । वाडेफुलको अघिल्लो चीन भ्रमण भने अन्तिम समयमा रद्द भएको थियो, किनकि जर्मनीले उच्च अधिकारीहरूसँग भेटघाटको सुनिश्चितता गर्न नसकेको जनाएको थियो ।

***ख्वप...***

सस्तो, सुलभ र गुणस्तरीय शिक्षा दिई देशकै सेवाको निम्ति प्रोत्साहन गर्न छात्रवृत्ति दिइरहेको, छात्रवृत्ति नपुग भएमा नगरवासी विद्यार्थीहरूलाई शैक्षिक ऋणसमेतको व्यवस्था गरेको उहाँले बताउनुभयो । उहाँले विद्यार्थीहरूमा नागरिक भावनाको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कलेजका उपप्राचार्य ई. रत्नशोभा प्रजापति र काजीबहादुर पञ्चले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म
१९८५/०९/११

देहावसान
२०८२/१०/२१

**नृपतिलाल प्रधानाङ्ग**

श्री पद्म माध्यमिक विद्यालय, दरबार स्क्वायर, भक्तपुरका भूतपूर्व प्रधानाध्यापक तथा हाम्रा श्रद्धेय गुरू नृपतिलाल प्रधानाङ्गको दु:खद निधनले हामी अत्यन्त मर्माहत भएका छौँ । दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा पर्न गएको असह्य बेदनाको धैर्यधारण गर्ने शक्ति परमात्माले प्रदान गरून् भन्ने कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**श्री पद्म माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरू**

डा.माधवसुन्दर मल्ल | प्रदिप बसी | राजु लिवी
विनोदप्रकाश कायस्थ | अच्युतम ताम्राकार | स्वयम्भूरत्न शाक्य
सुनिलराज दैवज्ञ | उज्ज्वल झा | मिनबहादुर कार्की
राजाराम गणेजू | भूपेन्द्रभक्त प्रधानाङ्ग | ससितानन्द बनेपाली
राजेन्द्र श्रेष्ठ

तथा

**समस्त पूर्व विद्यार्थीवर्ग**



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सिलबन्दी कोटेशन आह्वानसम्बन्धी सूचना

**मजदुर दैनिकमा प्रकाशित मिति : २०८२/११/०४**

भक्तपुर नगरपालिकाबाट चालू आ.व. ०८२/८३ का लागि तपसिलमा उल्लेख भएबमोजिमको निर्माणसम्बन्धी कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त गरेका निर्माण व्यवसायीहरूले आवश्यक कागजात र यस कार्यालयको कर शाखामा कोटेसन फाराम दस्तुर तिरी सोको सक्कल भौचारसमेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी कोटेसन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, भक्तपुर
**खातावालाको नाम** : भक्तपुर नगरपालिका
**कार्यालय कोड नं.** : ८०३३३४०२
**धरौटी खाता नं.** : ०१९०३००००३००००००००३

**तपसिल**

| सि.नं. | कोटेसन नं. | कामको विवरण | कोटेसन फाराम दस्तुर | कोटेसन जमानत वैधता अवधि | कोटेसन जमानत |
|---|---|---|---|---|---|
| १. | SQ/WORKS/01/082/83 | भक्तपुर रेडक्रस सोसाइटी शाखाको रक्तसञ्चार सेवा सुदृढिकरण कार्य | रू. १,०००।- | कोटेसन खोल्ने मितिबाट ७५ दिन हुने गरी | ५०,०००।- |

**कोटेसन पेस गर्ने अन्तिम मिति/समय** : २०८२/११/१९ गते, दिउँसो १२:०० बजे
**कोटेसन खोलिने मिति/समय** : २०८२/११/१९ गते, दिउँसो २:०० बजे
**विस्तृत जानकारीका लागि** : कार्यालय (०१-६६१४८१३)



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा